सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

१३ भदौ २०८१, बिहीबार (29 Aug 2024, Thursday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक १३९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

# ओली–देउवाको विरोधमा नाराबाजी गर्ने युवालाई सार्वजनिक शान्तिविरुद्धको मुद्दा

## तीन दिनअघि टुँडिखेलको कार्यक्रममा शीर्ष नेताहरूप्रति असन्तुष्टि जनाउँदै नाराबाजी गरेका कर्णाली र सुदूरपश्चिमका तीन युवा गृह मन्त्रालयको दबाबमा पक्राउ, सार्वजनिक शान्तिविरुद्धको मुद्दा चलाउने प्रहरीको तयारी



● **मोहना अन्सारी**
पूर्वसदस्य, राष्ट्रिय मानव अधिकार आयोग

नागरिकलाई नेताहरूको आलोचना गर्ने, सरकारको विरोध गर्ने अधिकार संविधानले नै दिएको छ। कार्यक्रमका भिडियोहरू हेर्दा सार्वजनिक सुरक्षा बिथोल्न खोजेजस्तो देखिन्न, त्यत्तिकै आधारमा पक्राउ गरेर मुद्दा चलाउनु उचित होइन।



● **चण्डेश्वर श्रेष्ठ**
पूर्वअध्यक्ष, नेपाल बार एसोसिएसन

नागरिकमा असन्तुष्टि बढ्दो छ, उनीहरूले असन्तुष्टि देखाउने यस्तै सार्वजनिक कार्यक्रममा हो। नेताविरुद्ध नारा लगाउँदैमा कुनै क्षति भएको छैन, त्यत्ति नै आधारमा मुद्दा चलाउनु आफूलाई लागेको कुरा बोल्न पाउने मौलिक हकको खिलाफ हो।



● **गोविन्दराज पोखरेल**
केन्द्रीय सदस्य नेपाली कांग्रेस

अहिंसात्मक तरिकाले सार्वजनिक सम्पत्ति नास नगरीकन सार्वजनिक पद धारण गरेको राजनीतिक व्यक्तिको विरोध गर्ने युवाहरूलाई पक्रनु भनेको तानाशाही व्यवस्था हो। यस्तो कार्य गर्न/गराउन निर्देशन दिने व्यक्ति अलोकतान्त्रिक हो। खेदजनक कार्यको प्रतिरोध गर्नु सबैको कर्तव्य हो।



टुँडिखेलमा सोमबारको कार्यक्रममा नाराबाजी गर्दै युवा।



● **एसपी नवराज अधिकारी**
प्रवक्ता, जिल्ला प्रहरी परिसर, काठमाडौं

टुँडिखेलमा सोमबार भएको घटनामा संलग्नमध्ये हालसम्म तीनजनालाई पक्राउ गरिएको छ। उनीहरूविरुद्ध सार्वजनिक शान्तिविरुद्धको कसुरमा कारबाही अघि बढाइएको छ। जिल्ला प्रशासन कार्यालय, काठमाडौंले उनीहरूलाई थुनामा राखेर अनुसन्धान गर्न अनुमति दिएको छ।

**कमलराज भट्ट**/नयाँ पत्रिका

तीन दिनअघि टुँडिखेलको कार्यक्रममा प्रधानमन्त्री केपी ओली र कांग्रेस सभापति शेरबहादुर देउवालगायत नेताविरुद्ध नाराबाजी गरेको आरोपमा पक्राउ गरिएका तीन युवालाई प्रहरीले सार्वजनिक शान्तिविरुद्धको कसुरमा अनुसन्धान अघि बढाएको छ। गृह मन्त्रालयको निर्देशनमा उनीहरूलाई पक्राउ गरी प्रहरीले मुद्दा प्रक्रिया अघि बढाएको हो।

गौरापर्वको अवसरमा सोमबार आयोजित कार्यक्रममा युवाहरूले नेताहरूविरुद्ध नाराबाजी गरेका थिए। त्यसमा संलग्न रहेको आरोपमा प्रहरीले सुर्खेतका गोपीकृष्ण जैसी, कञ्चनपुरका दीपक ठगुन्ना र अछामका रामबहादुर बुढालाई पक्राउ गरेको छ। उनीहरूविरुद्ध सार्वजनिक शान्तिविरुद्धको कसुरमा कारबाही अघि बढाइएको

» पृष्ठ २ मा क्रमशः

## ■ युवा पक्राउको संसद्मा विरोध



### राज्यले सुन्न सक्ने धैर्यता राख्नुपर्छ

● **हरि ढकाल**, रास्वपा सांसद

टुँडिखेलमा युवाहरूले नेताहरूको विरोध गरे। यसलाई अराजक शैली वा अराजकताको बहाना लगाएर सरकारले भिडियो फुटेज स्क्रिनिङ गरी ती युवा साथीहरूलाई हिरासतमा राख्न थालेको रहेछ, यो बिलकुल गलत भएको छ। विरोधका बोलीहरू, त्यो पनि युवाले राखेको, राज्यले सुन्न सक्ने धैर्यता राख्नुपर्छ। स्वदेशमा अवसरबाट वञ्चित युवाले सिंहदरबारभित्रका बेइमानहरूलाई खबरदारी गर्दा समाउन पाइँदैन। ती युवाहरूको तत्काल रिहा गर्न माग गर्दछु। कमिलाको उड्ने वेलामा प्वाँख पलाउँछ। कमिलाको उड्ने वेलामा प्वाँख पलाएजस्तो नहोस्। हामी पनि यो विषयमा संवेदनशील छौं।



### आगोको झिल्का विनाशक हुन सक्छ

● **अर्जुननरसिंह केसी**, कांग्रेस सांसद

देश निरन्तर अराजकता, निराशा र विरोधतिर उन्मुख छ। मेरो यत्रो लामो राजनीतिक जीवनमा एकैपटक सबै पक्षमा यसखालको निराशा देखिएको थिएन, अनुभव गरेको थिइनँ। तर, जुन निराशा, आक्रोश र अराजकतातिर मुलुक उन्मुख भइरहेको छ, त्यसको कारकतत्त्वतिर गम्भीर रूपले छलफल गर्न सकेनौं भने त्यसले हामी सत्तामा बस्नेले एक-दुईजनालाई पक्रौंला, थुनौंला। तर, आगाको झिल्का अत्यन्त विनाशक हुन सक्छ।



### जसले गरे पनि उच्छृंखल नै हो

● **श्याम घिमिरे**, कांग्रेस प्रमुख सचेतक

गौरापर्व विशुद्ध सांस्कृतिक कार्यक्रम हो। सुदूरपश्चिमको एउटा सांस्कृतिको परिचय पनि हो। र, त्यो कार्यक्रममा जुन ढंगको प्रस्तुति भयो, त्यो उच्छृंखल र अराजक व्यवहार नै थियो। युवाले गरून् वा प्रौढले गरून्, जुनसुकै लिंग, धर्म, वर्ण जसले गरेको भए पनि उच्छृंखल उच्छृंखल नै हो। र, त्यस विषयमा संसद्मा प्रश्न आएको छ। त्यो उठाउन थाल्यौं भने हामीले मुलुक र समाजको संस्कृतिलाई कतापट्टि लाँदै छौं भन्नेमा गम्भीरतापूर्वक संसद्कै ध्यानाकर्षित होस्।

# कर्मचारीको मिलेमतोमा विद्यालयको २१ रोपनी चार आना हदबन्दीको जग्गा बिक्री



■ **काठमाडौं हात्तीगौंडास्थित ट्रुइगरम इन्टरनेसनल एकेडेमी**



**एकेडेमीले बिक्री गरेको ललितपुर लामाटारस्थित हदबन्दीको २१ रोपनी चार आना जग्गा (रातो घेराभित्र)**

## जग्गा खरिद गर्ने दुई कम्पनीबाट एउटै व्यक्तिको प्रतिनिधित्व

प्रारम्भिक छानबिनमा २१ रोपनी चार आना जग्गा बिक्री भएको पुष्टि भइसकेको छ। ललितपुरको लामाटारमा रहेको जग्गा ६ पुस ०७९ मा बिक्री भएको हो। विद्यालयले शिला डेभलपर्स कम्पनीलाई १४ रोपनी १३ आना तीन पैसा तीन दाम र ध्यान भिल्लालाई ६ रोपनी सात आना दुई पैसा जग्गा बिक्री गरेको थियो। सो जग्गा खरिद-बिक्रीमा विद्यालयका कर्मचारी अशोककुमार श्रेष्ठ ट्रुङ्गरम एकेडेमीबाट र भरतकुमार चौलागाईं शिला डेभलपर्स र ध्यान भिल्लाको तर्फबाट प्रतिनिधिका रूपमा उपस्थित भएको मालपोतको विवरण छ। अशोक सो विद्यालयका लेखापाल हुन्। एकै मितिमा दुवै कम्पनीलाई जग्गा बिक्री गरिनुले पनि यो प्रकरण थप शंकास्पद देखिन्छ।

**नवराज मैनाली**/नयाँ पत्रिका

हदबन्दीका कारण रोक्का रहेको विद्यालयको २१ रोपनीभन्दा धेरै जग्गा मालपोतका कर्मचारीको मिलेमतोमा बिक्री भएको छ। काठमाडौंको हात्तीगौंडास्थित ट्रुङ्गरम इन्टरनेसनल एकेडेमीको नाममा ललितपुरमा रहेको जग्गा गैरकानुनी रूपमा बिक्री भएको हो।

विद्यालयको नाममा ललितपुर र भक्तपुरमा करिब सय रोपनी जग्गा रहेकोमा त्यो हदबन्दीभन्दा धेरै रहेकाले रोक्कामा थियो। तर, मालपोत कार्यालय, ललितपुरका कर्मचारीको मिलेमतोमा रोक्का नरहेको देखाएर २१ रोपनीभन्दा धेरै गैरकानुनी रूपमा बिक्री भएको छ। यस सम्बन्धमा हाल भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छुट्टाछुट्टै छानबिन गरिरहेका छन्।

भूमि व्यवस्था विभाग स्रोतका अनुसार सो स्कुलले बिक्री गरेको जग्गा हाल विभिन्न चार कम्पनीको नाममा छ। ध्यान भिल्ला, शिला डेभलपर्स, मुदिता डेभलपर्स र प्रज्ञा रिसोर्टका नाममा जग्गा बिक्री गरिएको छ। ती कम्पनीहरू विद्यालयका प्रमुख

» पृष्ठ २ मा क्रमशः

### आवश्यक कागजपत्र अख्तियारलाई पठाएका छौं



● **रोशनशंकर घिमिरे**
निर्देशक, भूमि व्यवस्था तथा अभिलेख विभाग

ट्रुङ्गरम इन्टरनेसनल एकेडेमीको नाममा ललितपुरमा रहेको जग्गा गैरकानुनी रूपमा बिक्री भएको सम्बन्धमा हामीले भन्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विस्तृत छानबिन भइरहेको छ। हामीले आवश्यक कागजपत्र आयोगलाई पठाएका छौं।

### जग्गा खरिद-बिक्रीबारे सञ्चालकहरूलाई मात्र थाहा हुन्छ, हामीलाई जानकारी हुँदैन



● **उत्तम थापा**, प्रिन्सिपल

विद्यालयको जग्गा खरिद-बिक्रीबारे सञ्चालकहरूलाई मात्र थाहा हुन्छ हामीलाई जानकारी हुँदैन। सञ्चालकहरू विदेशमा हुनुहुन्छ, जग्गा किनबेच भयो/भएन हामीलाई थाहा छैन।

### राजदूत श्रेष्ठलाई चिनियाँ विदेशमन्त्रीको चिठी

# 'गठबन्धन हेरफेरले सम्बन्धमा फरक पर्दैन, विगतका सम्झौता कार्यान्वयनमा प्रतिबद्ध छौं'

बेइजिङबाट **पर्शुराम काफ्ले**



**उच्च अधिकारीसँग बिदाइभेट सकेका राजदूत श्रेष्ठ शनिबार स्वदेश फर्किंदै**

चिनियाँ विदेशमन्त्री वाङ यीले नेपालमा सत्तागठबन्धनमा परिवर्तन आए पनि नेपाल-चीन सम्बन्धमा केही फरक नपर्ने स्पष्ट पारेका छन्। कार्यकाल सकेर स्वदेश फर्किने तयारीमा रहेका नेपाली राजदूत विष्णुपुकार श्रेष्ठलाई बुधबार पठाएको चिठीमा उनले विगतमा भएका समझदारी कार्यान्वयनमा पुनः प्रतिबद्धता पनि जनाएका छन्।

राजदूत श्रेष्ठले सोमबार परराष्ट्रसचिवस्तरका विदेश मन्त्रालयका उपमन्त्री सुन वेइदोङ र बुधबार एसियाली मामिला हेर्ने विदेश मन्त्रालयका

» पृष्ठ २ मा क्रमशः

### ■ कार्यसम्पादनमा दबाब बढाउँदै सरकार

# पाक्षिक रूपमा प्रगति पेस गर्न सचिव र सहसचिवहरूलाई निर्देशन



■ **कार्यसम्पादनमा सक्रियता बढाउन प्रधानमन्त्रीको पटक–पटक निर्देशन**

■ **मन्त्रीहरूसँग पनि कार्यसम्पादन सम्झौताको तयारी**

■ **सय दिनभित्र गर्न सक्ने कामको कार्ययोजना तयार हुँदै**

**सुवास भट्ट**/नयाँ पत्रिका

कार्यसम्पादनमा दबाब बढाउँदै सरकारले हरेक १५ दिनमा प्रगति विवरण पेस गर्न सचिव र सहसचिवहरूलाई निर्देशन दिएको छ। निर्णय नै नगर्ने, आलटाल गर्ने तथा प्रक्रियामा ढिलासुस्ती गर्दा कार्यसम्पादनमै असर हुने अवस्था देखिएको र सेवाप्रवाहमा असर पुगेको भन्दै समयबद्ध रूपमा प्रगति विवरण पेस गर्न निर्देशन दिएको हो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले पाक्षिक रूपमा प्रगति विवरण पेस गर्न साउन अन्तिममा सबै मन्त्रालयलाई निर्देशनसहित पत्राचार गरेको थियो। सोही निर्देशनअनुसार सचिव र सहसचिवहरूले आफ्नो कार्यक्षेत्र र जिम्मेवारीअन्तर्गतको सम्पादनसम्बन्धी प्रगति विवरण पाक्षिक रूपमा पेस गर्नुपर्नेछ।

सहसचिवहरूले आफूले सम्पादन गरेको कामको प्रगति विवरण सम्बन्धित मन्त्रालयका सचिवहरूलाई हरेक १५ दिनमा पेस गर्नुपर्नेछ। त्यस्तै, सचिवहरूले पनि आफूले सम्पादन गरेको प्रगति विवरण हरेक १५ दिनमै पेस गर्नुपर्ने निर्देशनमा भनिएको छ। सचिवहरूले कार्यसम्पादन सम्बन्धमा प्रगति विवरण पेस गर्न त्यसको ढाँचा नै दिइएको छ। त्यसमा प्रत्येक १५ दिनमा सम्पादन भएका कार्यको विवरण, अपेक्षित उपलब्धि र सम्पादित कार्यको प्रगति तथा प्रभाव उल्लेख गर्न भनिएको छ। सचिवहरूले प्रत्येक महिनाको १ र १६ गते यस्तो प्रगति

» पृष्ठ २ मा क्रमशः

## गृह मन्त्रालयमा दुई दर्जन सहसचिव र उपसचिव जिम्मेवारीविहीन

गृह मन्त्रालयमा करिब दुई दर्जन सहसचिव र उपसचिव लामो समयदेखि जिम्मेवारीविहीन बनेका छन्। मन्त्रालयमातहतका कार्यालयहरूमा सेवाग्राहीहरूको अत्यधिक चाप हुँदा मन्त्रालयमा कर्मचारी भने हाजिर गर्दै फर्कंदै गरेका छन्।

सहसचिवद्वय वासुदेव घिमिरे र लालबाबु कवारी लामो समयदेखि मन्त्रालयमा जिम्मेवारीविहीन रहँदै आएका छन्। त्यस्तै, दुई साताअघि मन्त्रालयमा सरुवा भएका सहसचिवहरू कृष्णप्रसाद लम्साल, लीलाप्रसाद शर्मा, रमेश ढकाल, ऋषिराम तिवारी र डा. टोकराज पाण्डे पनि हाजिर गरेर फर्कने गरेका छन्।

त्यस्तै, मन्त्रालयमा जिम्मेवारी नपाउने उपसचिवको संख्या करिब २० पुगिसकेको छ। मातृका आचार्य, नवराज पौडेल, कृष्ण सापकोटा, परमानन्द घिमिरे, घनश्याम न्यौपाने, चोमेन्द्र न्यौपाने, नवराज जैसी, सन्तोष पौडेल, ओम भट्टलगायत उपसचिवले लामो समयदेखि जिम्मेवारी पाएका छैनन्। यीमध्ये कतिपय पाँच महिनादेखि दैनिक हाजिर गर्ने र फर्कने गरेका छन्।

**सिन्धुपाल्चोक, सिन्धुली र अर्घाखाँची दुई सातादेखि सिडिओविहीन**

समयमै कर्मचारी व्यवस्थापन हुन नसक्दा मन्त्रालय अस्तव्यस्त हुँदै गएको छ। यसमा मन्त्रालयको निर्णय क्षमतामाथि समेत प्रश्न उठ्न थालेको छ। कर्मचारीको पदस्थापन लम्बिएपछि गत असारमा मन्त्रालयले जिम्मेवारीविहीन उपसचिवलाई विभिन्न जिल्लामा स्थलगत अध्ययनका लागि पठाएको थियो। तर, त्यस्तो अध्ययनबाट खर्च मात्र भएको र कुनै परिणाम आउन नसकेको मन्त्रालयका अधिकारी बताउँछन्।

सिडिओको सहयोगी भएर खटिन नमान्ने प्रवृत्तिका कारण पनि मन्त्रालयमा कर्मचारी थन्किएका हुन्। सहसचिव प्रमुख जिल्ला अधिकारी हुने कतिपय जिल्लामा उपसचिव सहायक प्रमुख जिल्ला अधिकारी हुन्छन्। तर, उपसचिवहरू सहायक प्रमुख जिल्ला अधिकारीमा खटिन नचाहने भएकाले धेरै जिल्ला प्रशासनमा दरबन्दी रिक्त छन्। सहायक सिडिओमा उपसचिवहरू जान नचाहने र मन्त्रालयले पनि पठाउन नसक्ने समस्याका कारण सधैंजसो गृह मन्त्रालयको 'बरन्डा'मा कर्मचारी थुप्रिने गरेका छन्।

मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराई कर्मचारीको पदस्थापनको गृहकार्य भइरहेको बताउँछन्। 'अवधि पुगेका जिल्लाका प्रमुख जिल्ला अधिकारीको सरुवा तथा रिक्त हुने ठाउँमा पदस्थापनको गृहकार्य भइरहेको छ, सायद अब छिट्टै होला,' उनले भने। हाल सिन्धुपाल्चोक, सिन्धुली र अर्घाखाँचीमा दुई सातादेखि सिडिओ पद रिक्त छन्। सिन्धुलीका भरत खनाललाई परराष्ट्र मन्त्रालय, सिन्धुपाल्चोकका भूपेन्द्र थापाको बागमती प्रदेशको मन्त्रिपरिषद् कार्यालय तथा अर्घाखाँचीका सूर्यबहादुर खत्रीको श्रम मन्त्रालयमा सरुवा भएको थियो।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

### ■ पोखरेली युवामा क्यासिनो लत

# क्यासिनो जानेमा ८० प्रतिशत नेपाली, ९० प्रतिशत कारोबार नेपाली मुद्रामै



■ कास्की प्रहरी प्रमुख एसपी **मोहनकुमार थापा** भन्छन्- क्यासिनोमा नेपाली प्रवेश गरेको र रकम हारेको भन्ने सूचना आउने गरेको छ। तर, छापा हान्दा नेपाली भेटिँदैनन्। क्यासिनोमा नेपालीलाई प्रवेश गर्न नदिन मातहतका निकायलाई कडा निर्देशन दिँदै आएको छु।

पोखरामा **रोहितराज पराजुली**

५४ लाख ऋण लागेपछि पोखराका एक दम्पतीले दुई करोड तीन लाखमा जग्गा बिक्री गरे। श्रीमतीले वैदेशिक रोजगारीबाट कमाएको रकमले किनेको जग्गा बिक्री गरेको पैसा ऋण तिर्नमा खर्चन छाडेर श्रीमान् पोखराका क्यासिनो पुगे। र, ९५ लाख रुपैयाँ हारे। श्रीमान्ले क्यासिनोमा ९५ लाख हारेको थाहा पाएपछि घरझगडा सुरु भयो। अहिले सम्बन्धविच्छेदको प्रक्रिया अन्तिम चरणमा पुगेको छ।

पोखरामा व्यवसाय गर्दै आएका ३७ वर्षीय एक युवकले क्यासिनो गएर ४४ लाख सके। उनले आफूसँग भएको पैसा मात्र होइन, साथीहरूसँग सापटी मागेर पनि क्यासिनो खेलेका थिए। त्यति मात्र होइन, उनले आफूले चढ्दै आएको (आमाको नाममा रहेको) कार पनि २८ लाख मूल्य तोकेर ११ लाख बैना लिएर बेचे। दुई हप्ताभित्र कार पास गरिदिने भने पनि चार



हप्तासम्म पनि उनले कार पास नगरेपछि यो विषय परिवारसम्म पुग्यो। त्यसपछि भेद खुल्यो- ती युवाले बैनाको ११ लाख क्यासिनोमा हारिसकेका रहेछन्। परिवारमा कलह सुरु भएपछि श्रीमती माइत बस्न थालेकी छिन्।

निर्माण व्यवसायमा रहेका पोखराका ४६ वर्षीय पुरुषले पनि क्यासिनोमा एक करोड ६४ लाख हारे। घर बनाउन ठेक्का लिएका घरधनीहरूसँग अग्रिम पैसा लिएर क्यासिनो पुगेका उनी नराम्रोसम्म फसे। पैसाजति क्यासिनोमा सकिएपछि उनले ठेक्काका काम अगाडि बढाउन सकेका छैनन्। पैसा तिर्न नसक्ने र काम पनि गर्न नसक्ने अवस्थामा पुगेपछि उनी हाल लुकिछिपी हिँड्न थालेका छन्। पारिवारिक कलह बढेपछि उनी केही दिनदेखि घरसमेत जान सकेका छैनन्।

गण्डकीका यातायातमन्त्री राजीव गुरुङले केही दिनअघि काठमाडौंबाट आएका आफ्ना भतिजले क्यासिनोमा एक रातमा २५ लाख हारेको अन्तर्वार्तामा खुलाएका थिए।

यी उदाहरण मात्र हुन्, प्रमुख पर्यटकीय क्षेत्र पोखरा महानगरपालिका- ६ लेकसाइडस्थित चारतारे होटेल माउन्ट कैलाश रिसोर्टमा खुलेको क्यासिनो ताजमा खुल्लमखुल्ला नेपालीले प्रवेश पाइरहेका छन्। जब कि, नेपाली नागरिकले क्यासिनो प्रवेश र क्यासिनोमा जुवा खेल्न नपाउने व्यवस्था छ।

» पृष्ठ २ मा क्रमशः

## ‘गठबन्धन...

पृष्ठ १ बाट क्रमशः

महानिर्देशक लिउ जिनसाङसँग बिदाइभेट गरेका थिए। एसियाली मामिलासम्बन्धी महानिर्देशक लिउमार्फत राजदूत श्रेष्ठलाई विदेशमन्त्री वाङले चिठी पठाएका छन्।

‘नेपालको घरेलु राजनीतिक परिस्थितिमा जे-जस्तो बदलाव आए पनि नेपालमा सबै राजनीतिक दल एक चीन सिद्धान्तमा एकमत भएकोमा हामी खुसी छौं,’ चिनियाँ विदेशमन्त्री वाङको चिठी उद्धृत गर्दै राजदूत श्रेष्ठले बेइजिङस्थित नेपाली राजदूतावासमा नयाँ पत्रिकासँग भने। चिनियाँ विदेशमन्त्री वाङले दुई देश हिमाल र नदीहरूले जोडिएको चर्चा गर्दै दुई देशका शीर्ष नेताहरूबिच विगतमा भएका महत्त्वपूर्ण सहमति कार्यान्वयनका लागि चीन प्रतिबद्ध रहेको पनि उल्लेख गरेका छन्। उनले नेपाल-चीन सम्बन्धको विकासमा व्यक्तिगत रूपमा आगामी दिनमा श्रेष्ठको योगदान रहिरहने पनि विश्वास गरेका छन्।

चिनियाँ विदेशमन्त्री वाङको यो वर्ष नेपाल भ्रमणको तयारी छ। यद्यपि, वाङको भ्रमणबारे चिनियाँ उच्च अधिकारीहरूसँगको भेटवार्तामा र व्यक्तिगत चिठीमा पनि केही उल्लेख नगरेको राजदूत श्रेष्ठले बताए।

राजदूत श्रेष्ठले चिनियाँ विदेशमन्त्री वाङसँग बिदाइभेटका लागि प्रयास गरेका थिए। तर, वाङसँग भेटको समय मिलेन। राजदूत श्रेष्ठलाई वाङले चिठी पठाएर नेपालका लागि सन्देश दिएका हुन्। ‘विदेशमन्त्री वाङ यीसँग मेरो भेट्ने कुराकानी भइरहेको थियो। तर, अन्य कूटनीतिक व्यस्तताका कारण भेट सम्भव भएन भन्ने खबर आयो र उहाँको व्यक्तिगत चिठी प्राप्त भयो,’ श्रेष्ठले भने, ‘एक महिनामा फर्किनु भन्ने सरकारको निर्णय छ, यति छोटो समयमा चीनमा महत्त्वपूर्ण भेटघाट गर्न सहज हुँदैन।’

अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार ज्याक सुलिभानले मंगलबार र बुधबार चिनियाँ विदेशमन्त्री वाङसँग भेटवार्ता गरेका थिए। चिनियाँ विदेशमन्त्री वाङसँग राजदूत श्रेष्ठको भेटका लागि यो समयको अनुकूलताबारे चिनियाँ विदेश मन्त्रालयले विगतमा गृहकार्य गरेका वेला अमेरिकी उच्च अधिकारीको भ्रमणका कारण हुन नसकेको राजदूत श्रेष्ठको बुझाइ छ। ‘व्यक्तिगत रूपमा पनि नेपाल-चीन सम्बन्ध अघि बढाउन र प्रवर्द्धन गर्न भूमिका निर्वाह गरेको भनेर मलाई प्रशंसा गरेका छन्। विगत दुई वर्ष तपाईंको कार्यकालमा नेपाल-चीन सम्बन्ध सुदृढ भएको छ र यसमा तपाईंको सक्रिय भूमिका छ भन्ने व्यहोराको चिठी छ,’ राजदूत श्रेष्ठले भने।

राजदूत श्रेष्ठले बेइजिङमा चिनियाँ उच्च अधिकारी र उनका कूटनीतिक मित्रजनसँग बिदाइभेट पनि सकेका छन्। केही छिटपुट भेटवार्ता सकेर उनी शनिबार स्वदेश फर्किने तयारीमा छन्। बिदाइभेटमा चिनियाँ अधिकारीहरूले नेपाल-चीन सम्बन्धको समीक्षा भएको र आफ्नो कार्यकालको पनि छलफल भएको राजदूत श्रेष्ठले बताए। चीनका लागि नेपाली राजदूत श्रेष्ठ सरकारी निर्देशनअनुसार शनिबार स्वदेश फिर्ता हुँदै छन्। चीनका लागि राजदूत सिफारिस भएका डा. कृष्णप्रसाद ओलीको संसदीय सुनुवाइ प्रक्रिया बाँकी छ।

शेरबहादुर देउवा नेतृत्वको कांग्रेस-माओवादी गठबन्धनका पालामा राजदूत नियुक्त भएका श्रेष्ठलाई एमाले-कांग्रेस गठबन्धन सरकारले फिर्ता बोलाएको छ। राजदूत श्रेष्ठले दुई वर्षमा नेपाल-चीन सम्बन्धबारे अध्ययन गरेको, चीनका २३ प्रान्तको भ्रमण गरेर नजिकबाट बुझेको र नेपाल-चीन परम्परागत नाका खोल्न भूमिका निर्वाह गरेका बताए। उनले काठमाडौं-सांघाई हवाई उडानका लागि प्रयास गरेको, काठमाडौंदेखि तिब्बतको ल्हासासम्म बससेवा सञ्चालनका लागि पनि प्रयास गरेको भन्दै सार्थकता पाउने विश्वास गरे। उनले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको ऋणलाई चीनले अनुदानमा परिणत गर्नेमा आफू आशावादी रहेको पनि बताए।

**माईग्रेशन सर्टिफिकेट हरायो**

मिति २०८१/०५/१० गते चरिकोट, दोलखाबाट काठमाडौंसम्म जाने जाँदा मेरो निम्न व्यहोरा भएको +2 को माईग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम : कविता थामी**
ठेगाना: कालिञ्चोक गा.पा.-६, दोलखा
सिम्बोल नं. : २२२००७३६
रजिष्ट्रेशन नं. : ६८२२१३०७५
सम्पर्क : ९८४४३०५२९५

## ओली-देउवाको...

पृष्ठ १ बाट क्रमशः

जिल्ला प्रहरी परिसर, काठमाडौंका एसपी नवराज अधिकारीले बताए। ‘टुँडिखेलमा सोमबार भएको घटनामा संलग्नमध्ये हालसम्म तीनजनालाई पक्राउ गरिएको छ। उनीहरूविरुद्ध सार्वजनिक शान्तिविरुद्धको कसुरमा कारबाही अघि बढाइएको छ। जिल्ला प्रशासन कार्यालय, काठमाडौंले उनीहरूलाई थुनामा राखेर अनुसन्धान गर्न अनुमति दिएको छ,’ उनले भने। एसपी अधिकारीका अनुसार गोपीकृष्ण र दीपकलाई नौ दिन साथै रामबहादुरलाई पाँच दिन थुनामा राखेर अनुसन्धान गर्न प्रशासनले अनुमति दिएको छ।

कार्यक्रममा आफूहरूविरुद्ध नाराबाजी भएपछि ओली र देउवाले मञ्चबाटै त्यसको आलोचना गरेका थिए। प्रहरीले घटनाको भोलिपल्ट सिसिक्यामेराको फुटेजका आधारमा उनीहरूलाई खोजी-खोजी पक्राउ गरेको हो। अन्यको पनि खोजी गर्न प्रहरी टिम परिचालित छ। प्रारम्भिक अनुसन्धानमा भने घटना सुनियोजित देखिएको छैन। कार्यक्रममा प्रधानमन्त्री ओली बोलिरहेकै वेला पर्वमा सहभागी युवाहरूले विरोधमा नाराबाजी गरेका थिए। काठमाडौं महानगर प्रमुख बालेन्द्र साह, एमाले नेता भीम रावलको पक्षमा हुटिङ गर्दै युवाहरूले ओलीका कारण देशले दुःख पाएको, ओली फिर्ता जाऊ, बालेन आऊजस्ता नारा लगाएका थिए।

कांग्रेस सभापति देउवाले नाराबाजीका कारण बोल्नै अवरोध भएपछि यो नेपालीहरूको सांस्कृतिक चलन नभएको भन्दै प्रतिवाद गरेका थिए। कांग्रेस सभापति देउवा त नाराबाजी गर्नेलाई ‘बदमासहरू’ भन्दै रिसाएका थिए।

सार्वजनिक शान्तिविरुद्धको कसुरमा एक वर्षसम्म कैद सजाय र १० हजार रुपैयाँसम्म जरिवाना हुने प्रावधान छ। प्रहरीले हुलदंगा गरेको भनेर सो कसुर लगाएको हो।

नेताहरूको कार्यशैलीको विषयलाई लिएर असन्तुष्टि पोखेकै आधारमा पक्राउ गरेर मुद्दा चलाइएको घटनालाई लिएर संसद्मा समेत प्रश्न उठेको छ। मानव अधिकारकर्मीहरूले समेत आपत्ति जनाएका छन्।

नेपाल बार एसोसियनका पूर्वअध्यक्ष चण्डेश्वर श्रेष्ठ नारा लगाएकै आधारमा पक्राउ गरेर मुद्दा चलाउनु नागरिकको मौलिक हकको हनन भएको बताउँछन्। ‘नागरिकमा असन्तुष्टि बढ्दो छ, उनीहरूले असन्तुष्टि देखाउने यस्तै सार्वजनिक कार्यक्रममा हो,’ उनी भन्छन्, ‘नेताविरुद्ध नारा लगाउँदैमा कुनै क्षति भएको छैन, त्यति नै आधारमा मुद्दा चलाउनु भनेको आफूलाई लागेको कुरा बोल्न पाउने मौलिक हकको खिलाफ हो।’

राष्ट्रिय मानव अधिकार आयोगकी पूर्वसदस्य मोहना अन्सारी यसरी नेताहरूको आलोचना गरेकै आधारमा पक्राउ गरेर मुद्दा चलाउनु गलत भएको बताउँछिन्। ‘नागरिकलाई नेताहरूको आलोचना गर्ने, सरकारको विरोध गर्ने अधिकार संविधानले नै दिएको छ,’ उनी भन्छिन्, ‘कार्यक्रमका भिडियोहरू हेर्दा सार्वजनिक सुरक्षा बिथोल्न खोजेकोजस्तो देखिन्न, त्यतिकै आधारमा पक्राउ गरे मुद्दा चलाउनु उचित होइन।’ तर, नेताहरूको आलोचना गर्दा भने अपशब्द प्रयोग गर्ने संस्कृति भने गलत भएको उनको भनाइ छ।

# देउवा र आरजुमाथि फेसबुकमा टिप्पणी गर्ने दुई युवा पक्राउ, शान्तिसुरक्षामा खलल नपुर्‍याउने कागज गराएर राति रिहा

धनगढीमा **तेजराज भट्ट**

कांग्रेस सभापति शेरबहादुर देउवा र उनकी पत्नीसमेत रहेकी परराष्ट्रमन्त्री आरजु राणा देउवामाथि फेसबुकमा टिप्पणी गरेको आरोपमा कैलाली प्रहरीले धनगढीका दुई युवालाई नियन्त्रणमा लिएर छाडेको छ। जिल्ला प्रहरी कार्यालयले फेसबुकमा ‘स्टाटस’ लेखेको आरोपमा धनगढीका प्रतीक जोशी र रचित शाहलाई मंगलबार दिउँसो नियन्त्रणमा लिई राति छाडेको हो।

पक्राउ गर्नुको कारण खुलाएको छैन। तर, शान्तिसुरक्षामा खलल नपुर्‍याउने कागज गराएर उनीहरूलाई रिहा गरिएको छ। जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक कविन्द्रसिंह बोहराले मौखिक उजुरीका आधारमा दुईजनालाई केहीबेर नियन्त्रणमा लिइएको बताए। उनले कस्तो खालको उजुरी भन्नेबारे खुलाएनन्। ‘शान्तिसुरक्षाको सवालमा केही चुनौती आउन सक्ने भन्ने थियो, ल्याएर हिजै छोडेका छौं,’ उनले भने, ‘यसबारे योभन्दा धेरै नबोलौं।’

फेसबुकमा आफूले कुनै आपत्तिजनक विषय नलेखे पनि प्रहरीले आफूलाई नियन्त्रणमा लिएको प्रतीकले बताए। ‘मुलुक अहिले वास्तवमा संकटै संकटमा छ, आमजनता संकटको अवस्थामा छन्,’ प्रतीकले लेखेका थिए, ‘संस्कार नभएका भनेर बोलेको लोकलाजको विषय बनेको छ। तपाईंहरूको प्रजातन्त्रमा यस्तै हुन्छ ?’ शान्तिसुरक्षामा खलल नपुर्‍याउने कागज गराएर प्रहरीले राति रिहा गरेको उनले बताए।

रचितले पाँचपटक प्रधानमन्त्री हुँदा पनि पनि देउवाले केही काम गर्न नसकेको, भुटानी शरणार्थी काण्डमा पूर्वगृहमन्त्रीलाई पार्टीबाट कारबाही नगरेको र गिरीबन्धु घोटालाका आरोपितलाई प्रधानमन्त्री बनाएको आशयले स्टाटस लेखेका थिए।

प्रतीकका अनुसार अपराह्न चार बजेतिर बोराडाँडीमा खाजा खाने क्रममा आएका प्रहरीले सोधपुछ गर्नु छ भनेर दुवैजनालाई नजिकैको प्रहरी बिटमा लगेका थिए। ‘त्यहाँबाट जिल्ला प्रहरी कार्यालय जानुपर्‍यो भनेपछि आफ्नै गाडीमा जिल्ला प्रहरीमा गयौं,’ प्रतीकले भने, ‘डेढ घण्टासम्म परिसरमा राख्यो। पछि प्रहरीले फेसबुक प्रोफाइलमा के छ, पढाइ, राजनीतिक आस्था के हो भनेर सोधे।’

सामान्य सोधपुछपछि गार्डसेलमा लगेर राखेको उनले बताए। प्रतीकका अनुसार करिब डेढ घण्टा गार्डसेलमा राखेपछि दुवैजनालाई थुनुवा कक्षभित्र राखिएको थियो। थुनुवा कक्षबाट हतकडी लगाएर स्वास्थ्य जाँचका लागि सेती प्रादेशिक अस्पताल लगिएको उनले बताए। ‘शान्तिसुरक्षामा खलल नपुर्‍याउने कागज गराएर राति रिहा गर्‍यो,’ उनले भने, ‘सोधपुछका क्रममा प्रहरीले शान्तिसुरक्षामा चुनौती भयो भने, तर हामीलाई किन पक्राउ गरेको स्पष्ट बताएनन्।’

पक्राउ गरेर हतकडी लगाउनुपर्ने गरी अपराध नगरेको उनले बताए। ‘हामीले वाक् स्वतन्त्रताको प्रयोग गरेका हौं, शान्तिसुरक्षा बिथोल्ने योजना थिएन,’ उनले भने, ‘नियन्त्रणमा लिनुपर्ने कारण थिएन।’ करिब डेढ घण्टा थुनुवा कक्षमा बस्नुपरेको उनले बताए।

परराष्ट्रमन्त्री देउवा बुधबार धनगढी आउने पूर्वनिर्धारित कार्यक्रमअनुसार उनी बुधबार बिहान धनगढी आएकी छिन्। शान्तिसुरक्षाका लागि भन्दै प्रहरीले कांग्रेसकै नेताहरूको दबाबमा दुईजनालाई पक्राउ गरेको बताएको छ।

# प्रधानसेनापतिमा सिग्देल नियुक्त

**काठमाडौं**/ नेपाली सेनाको प्रधानसेनापतिमा अशोकराज सिग्देल नियुक्त भएका छन्। मन्त्रिपरिषद्को सिफारिसका आधारमा राष्ट्रपति रामचन्द्र पौडेलले २४ भदौदेखि लागू हुने गरी उनलाई बुधबार नियुक्त गरेका हुन्। हालका प्रधानसेनापति प्रभुराम शर्माको तीनवर्षे कार्यकाल पूरा भई अनिवार्य अवकाश पाउन लागेपछि सिग्देलले सेनाको नेतृत्व सम्हाल्न लागेका हुन्। गत २४ साउनदेखि नै उनले कायममुकायम प्रधानसेनापतिको रूपमा ९० हजारभन्दा धेरै सेनाको कमान्ड सम्हाल्दै आएका छन्। सिग्देलको नागरिकतालगायत सरकारी परिचयपत्र तथा प्रमाणपत्रमा फरक-फरक जन्ममिति रहेको भन्दै उजुरीसमेत परेको थियो। तर, सेनाले जन्ममितिमा विवाद नरहेको प्रस्टीकरण दिएको थियो।

## कर्मचारीको...

पृष्ठ १ बाट क्रमशः

सञ्चालक टुङ्गरम ग्याल्टुङ रिम्पोचे शेर्पानिकटस्थ व्यक्तिहरू रहेको स्रोत बताउँछ। उनले हदबन्दीभन्दा धेरै जग्गा बेच्नकै लागि यसरी मालपोत कार्यालयलाई प्रभावमा पारी आफ्ना निकटस्थ कम्पनीहरूलाई बिक्री गरेका हुन्।

प्रारम्भिक छानबिनमा २१ रोपनी चार आना जग्गा बिक्री भएको पुष्टि भइसकेको छ। ललितपुरको लामाटारमा रहेको जग्गा ६ पुस ०७९ मा बिक्री भएको हो। विद्यालयले शिला डेभलपर्स कम्पनीलाई १४ रोपनी १३ आना तीन पैसा तीन दाम र ध्यान भिल्लालाई ६ रोपनी सात आना दुई पैसा जग्गा बिक्री गरेको थियो। सो जग्गा खरिद-बिक्रीमा विद्यालयका कर्मचारी अशोककुमार श्रेष्ठ टुङ्गरम एकेडेमीबाट र भरतकुमार चौलागाईं शिला डेभलपर्स र ध्यान भिल्लाको तर्फबाट प्रतिनिधिका रूपमा उपस्थित भएको मालपोतको विवरण छ। अशोक सो विद्यालयका लेखापाल हुन्। एकै मितिमा दुवै कम्पनीलाई जग्गा बिक्री गरिनुले पनि यो प्रकरण थप शंकास्पद देखिन्छ। त्यस्तै, प्रजिना रिसोर्ट र प्रज्ञा रिसोर्टका नाममा पनि विद्यालयको जग्गा बिक्री भएका विवरणहरू फेला परेको र त्यस सम्बन्धमा छानबिन भइरहेको स्रोत बताउँछ। हदबन्दीभन्दा धेरै जग्गा बिक्री भएको खुलेपछि हाल मालपोत कार्यालयले ती सबै जग्गा रोक्का राखेको छ।

भूमि व्यवस्था तथा अभिलेख विभागका निर्देशक रोशनशंकर घिमिरेले अनलाइन सिष्टममा जग्गा रोक्का नदेखिएकाले सो विद्यालयको नाममा रहेको हदबन्दीभन्दा धेरै जग्गा बिक्री भएको बताए। ‘यस विषयमा हामीले भन्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विस्तृत छानबिन भइरहेको छ,’ उनले भने, ‘हामीले आवश्यक कागजपत्र आयोगलाई पठाएका छौं।’

विद्यालयका प्रिन्सिपल उत्तम थापाले विद्यालयको जग्गा खरिद-बिक्रीबारे सञ्चालकलाई मात्र जानकारी हुने बताए। ‘सञ्चालकहरू विदेशमा हुनुहुन्छ, जग्गासम्बन्धी विवरण हामीलाई जानकारी छैन,’ उनले भने। सो विद्यालयका सञ्चालकहरूमा टुङ्गरम ग्याल्टुङ रिम्पोचे शेर्पासहित उनका भाइहरू कर्मा सोनाम वाङ्दी शेर्पा र ठेलकार रिन्पोछे शेर्पा छन्। सो विद्यालय रहेको हात्तीगौंडास्थित जग्गा भने टुङ्गरमको व्यक्तिगत नाममा छ।

विद्यालयको भक्तपुर र ललितपुरमा एक सय ३० रोपनी जग्गा रहेकामा ०७४ मा सरकारकै अनुमतिमा ३० रोपनी बिक्री गरिएको थियो। भूमिसम्बन्धी ऐनअनुसार उपत्यकामा ३० रोपनीसम्म जग्गामा हदबन्दी लाग्दैन। सोही व्याख्या गरी त्यति वेला मन्त्रालयले विद्यालयलाई जग्गा बेच्न अनुमति दिएको थियो।

विद्यालय सञ्चालक समितिको २५ पुस ०७४ को निर्णयअनुसार भक्तपुरमा २८ रोपनी १५ आना १ पैसा एक दाम जग्गा बिक्री गर्ने निर्णय गरेको थियो। सोहीअनुसार भक्तपुरको दधिकोटमा रहेको जग्गा बिरुना ल्यान्ड डेभलपर्सलाई बिक्री गरियो। त्यो जग्गा बिक्री गर्दा पनि भूमि व्यवस्था मन्त्रालयकै सहमति लिइएको मालपोत कार्यालयको विवरण छ। २० पुस ०७४ मा मन्त्रालयले ३० रोपनी जग्गा बिक्री गर्न दिन र बाँकी जग्गा रोक्का राख्न भूमिसुधार तथा व्यवस्थापन विभागलाई पत्राचार गरेको थियो। त्यसअनुसार ललितपुरको जग्गा रोक्का हुनुपर्नेमा कर्मचारीले रोक्का नरहेको भन्दै बिक्री गरेका हुन्। कर्मचारीले अनलाइन सिस्टममा रोक्का नदेखिएको भनेर प्राविधिक समस्या देखाए पनि विभागको समेत मिलेमतोमा हदबन्दीभन्दा धेरै जग्गा बिक्री भएको प्रारम्भिक छानबिनले देखाएको छ। जब कि हदरबन्दीभन्दा धेरै जग्गा विद्यालयले खरिद गरेकाले सुरुदेखि नै त्यो रोक्का रहँदै आएको थियो।

## पाक्षिक रूपमा...

पृष्ठ १ बाट क्रमशः

विवरण पेस गर्नुपर्ने निर्देशन दिइएको छ। त्यस्तै, समग्र मन्त्रालयको प्रगति विवरण तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनिवार्य रूपमा पठाउन सचिवहरूलाई निर्देशन दिइएको छ। यसै निर्देशनबमोजिम पहिलोपटक सचिवहरूले आगामी आइतबार (१६ भदौ) प्रधानमन्त्री कार्यालयमा मन्त्रालयको प्रगति विवरण पेस गर्दै छन्।

**कार्यसम्पादनमा सक्रियता ल्याउन प्रधानमन्त्रीको पटक-पटक निर्देशन**

कार्यसम्पादनमा सक्रियता ल्याउन प्रधानमन्त्री केपी ओलीले मन्त्री र कर्मचारीहरूलाई पटक-पटक निर्देशन दिँदै आएका छन्। प्रधानमन्त्रीमा नियुक्त भएको एक महिनापछि ३१ साउनमा उनले कीर्तिमानी राख्ने गरी योजना ल्याउन निर्देशन दिएका थिए। मन्त्री, मुख्यसचिव, सचिवहरू र राष्ट्रिय योजना आयोगका पदाधिकारीसँग छलफलपछि प्रधानमन्त्रीले नतिजा देखिने गरी विकासको काम अगाडि बढाउन निर्देशन दिएका थिए। त्यतिवेलै उनले सय दिनभित्र गर्न सकिने मुख्य कामको ब्रिफिङ लिएका थिए।

त्यसअघि, १५ साउनमा प्रधानमन्त्रीले सबै मन्त्री र सचिवहरूलाई सेवा प्रवाहमा सुधार र प्रभावकारिताका विषयमा निर्देशन दिएका थिए। त्यस्तै, ६ साउनमा संसद् बैठकलाई सम्बोधन गर्दै सरकारका ६ मुख्य प्राथमिकता सार्वजनिक गरेका थिए।

**मन्त्रीहरूसँग कार्यसम्पादन सम्झौताको तयारी**

प्रधानमन्त्री ओलीले आफ्ना मन्त्रीहरूसँग कार्यसम्पादन सम्झौताको तयारीसमेत गरेका छन्। चालू आवको नीति तथा कार्यक्रम र बजेटमा आधारित रहेर सरकारले लिएको लक्ष्य पूरा गर्ने गरी मन्त्रीहरूसँग कार्यसम्पादन सम्झौता गर्न लागिएको हो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले यसको तयारी प्रक्रिया अघि बढाएको छ। यसका लागि मन्त्रालयहरूको प्रस्ताव आउने क्रम जारी रहेको प्रधानमन्त्री कार्यालय स्रोतले बताएको छ। प्रधानमन्त्री र मन्त्रीहरूबिच नतिजामा आधारित भएर कार्यसम्पादन सम्झौताको सुरुवात अघिल्लोपटक प्रधानमन्त्री हुँदा ०७६ मा ओलीले नै थालनी गरेका थिए। सरकारको नीति तथा कार्यक्रम र आर्थिक वर्ष ०७६/७७ को वार्षिक बजेटमा आधारित रहेर मासिक, चौमासिक र वार्षिक रूपमा सम्पन्न गर्ने गरी तयार गरिएको कार्ययोजनामा १५ साउन ०७६ मा तत्कालीन प्रधानमन्त्री ओलीले मन्त्रीहरूसँग कार्यसम्पादन सम्झौता गरेका थिए। मन्त्रीहरूले पेस गरेका कार्ययोजनामा प्रधानमन्त्री र सबै मन्त्रीबिच छुट्टाछुट्टै सम्झौता गरिएको थियो।

प्रधानमन्त्री र मन्त्रीबिच भएको सम्झौताका आधारमा मन्त्री र सचिव तथा सचिव र अन्तर्गतका महाशाखा प्रमुखबिच पनि सम्झौताको अभ्यास थालनी गरिएको थियो। तर, प्रधानमन्त्री र मन्त्री हुँदै तलैसम्म कार्यसम्पादन सम्झौताको यो अभ्यासले निरन्तरता पाउन सकेन। गत वर्ष भने तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले यो अभ्यासलाई पुनः सञ्चालन गरेर मन्त्रीहरूसँग कार्यसूचीसहित कार्यसम्पादन सम्झौता गरेका थिए।

त्यस्तै, प्रधानमन्त्री ओलीले सय दिनभित्र गर्न सक्ने कामको कार्ययोजना तयार गर्न दिएको निर्देशनमाथि पनि कार्यालयले काम अघि बढाएको छ। यसका लागि मन्त्रालयगत रूपमा पेस भएका प्रस्तावमाथि कार्यालयमा छलफल चलिरहेको एक सचिवले बताए। छलफल टुंगिएपछि विषय सार्वजनिक हुने कार्यालयको भनाइ छ।

## क्यासिनो...

पृष्ठ १ बाट क्रमशः

क्यासिनो गएर घटीमा १०-१५ लाखदेखि दुई करोडसम्म हार्ने नेपालीको संख्या पोखरामा मात्र १२० छ।

काठमाडौंका क्यासिनोमा कडाइ हुन थालेपछि नेपालीहरू क्यासिनो खेल्न पोखरा पुग्ने गरेका हुन्। जुन कुरा मन्त्री गुरुङको भनाइबाटसमेत पुष्टि हुन्छ। उनी भन्छन्, ‘काठमाडौंमा अलि कडाइ गरेपछि क्यासिनोको तल लागेकाहरू पोखरा आउने गरेका छन्।’

संघ सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पर्यटन विभागको सिफारिसमा क्यासिनो सञ्चालनको अनुमति दिन्छ। क्यासिनो सञ्चालनका लागि ‘क्यासिनो नियमावली, २०७०’ समेत छ। नियम १८ मा नेपाली नागरिकले क्यासिनो खेल्न र क्यासिनोस्थलमा प्रवेश गर्न नपाउने व्यवस्था छ। यदि नेपाली नागरिकलाई क्यासिनोस्थलमा प्रवेश गराएमा वा क्यासिनो खेलाएमा इजाजतपत्र रद्द गर्न सकिने व्यवस्था छ।

नेपालीलाई क्यासिनो खेल्न बन्देज गरिए पनि प्रहरी-प्रशासनको मिलेमतोमा सञ्चालकले निर्बाध रूपमा प्रवेश गर्न दिँदा पोखरामा समस्या सिर्जना भएको छ। क्यासिनो जाने नेपालीलाई पछाडिपट्टिका ढोकाबाट प्रवेश गराउने गरिएको क्यासिनेमा ७३ लाख हारेका एक नेपालीले बताए। त्यति मात्र होइन, क्यासिनोमा नेपाली मुद्राको प्रयोग गर्न पाइँदैन। तर, यहाँका क्यासिनोमा ९० प्रतिशत कारोबार नेपाली मुद्रामा हुन्छ। आफू ११ पटक क्यासिनो गएको र आफू जाँदा केही भारतीय र केही चीनका बाहेक अन्य सबै नेपाली हुने गरेको उनले बताए।

५४ लाख हारेका अर्का एकजनाले परिचय नखुलाउने सर्तमा भने, ‘चारतारे होटेलमा सञ्चालन गर्ने मिनी क्यासिनो आधुनिक उपकरण तथा विद्युतीय मेसिनको माध्यमबाट मात्र खेलाइनुपर्ने हो। तर, पोखरामा भने मेसिनको प्रयोग नगरी मान्छेले खेलाउने गरिएको।’ उनका अनुसार बाजीको सीमा (बेट लिमिट) अर्थात् एकपटकमा खेल्न सक्ने अधिकतम बाजीको सीमा तोक्नुपर्नेमा नतोकी एकपटकमा चार लाखसम्मको बाजी लगाएर खेलाउने गरिएको छ।

क्यासिनो ताजका परचेज म्यानेजर किरण गुरुङले भने नेपाली प्रवेश नगरेको दाबी गरे। ‘बाहिर कसले के भन्यो र भन्छ, त्यसको मतलब छैन। तर हामीले नेपालीलाई प्रवेश गर्न दिएका छैनौं,’ उनले भने।

मेसिनको साटो हातले खेलाएको बारेमा प्रश्न गर्दा उनले आफू प्राविधिकतर्फको नभएकाले त्यसबारेमा जानकारी नभएको बताए। उनका अनुसार सिजनमा दैनिक एक सय ५० देखि एक सय ८० र अफ सिजनमा ८० देखि ९० जनाको हाराहारीमा आउने गरेका छन्।

कास्कीमा प्रहरी प्रमुख मोहनकुमार थापाले क्यासिनोमा नेपाली गएको भनेर सूचना आउने गरेको र लगत्तै छापा हान्दा नभेटिएको जानकारी दिए। प्रवेशमा प्रहरी प्रशासनले सहयोग गरेको आरोपको खण्डन गर्दै उनले नेपालीलाई प्रवेश गर्न नदिन भनी मातहतका निकायलाई कडा निर्देशन दिँदै आएको बताए।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
**Alternative Energy Promotion Centre (AEPC)**
Tahachal, Kathmandu, Nepal
Tel: +977-1-4598013/4598014
Email: info@aepc.gov.np, Website: www.aepc.gov.np

**Request for Quotations (RFQ)**

**For Technical and Financial Verification of Large Biogas Subprojects**
Date of Notice Publication: **29 August 2024**
Contract Identification (STEP Ref.) No.: **NP-AEPC-447300-NC-RFQ**
Country: **Federal Democratic Republic of Nepal** Name of the Development Partner: **IDA (The World Bank)**
Project: **Private Sector-Led Mini-Grid Energy Access Project (MGEAP) (P149239), Grant No.: TF-A8382**

- The Government of Nepal has received financing from the World Bank towards the cost of **Private Sector-Led Mini-Grid Energy Access Project (MGEAP)** and intends to apply part of the funds to cover eligible payments under the Contract of Procurement of Services. AEPC is the executing agency of the Project.
- The AEPC/MGEAP invites Sealed Quotations for the tasks **“Technical and Financial Verification of Large Biogas Subprojects”** from all interested registered eligible Bidders (Service Providers) under **Request for Quotations (RFQ)** procedures specified in the prevailing Procurement Regulations of the World Bank.
- Interested Service Providers may obtain further information and inspect the RFQ Document in English at the office of AEPC, Tahachal, Kathmandu.
- Complete set of RFQ Document in English for the task may be purchased from the office of AEPC, Tahachal, Kathmandu during office hours on all working days by eligible Service Providers **29 August 2024** onwards on the submission of a **Written Application,** copies of **Firm/Company Registration** and **PAN/VAT Registration Certificates** and and upon payment of a non-refundable fee of NRs. 1,000.00 to the following account:
  - Name of the Bank: **Rastriya Banijya Bank, Baneshwar Branch**
  - Name of Office: **Alternative Energy Promotion Centre**
  - Office Code No.: **308003502,** Rajaswa (Revenue) Shirshak No.: **14229,**
  - Bank Account No.: **1000100200010000**
- The RFQ Document shall be available for sale up to office hours till **15 September 2024.**
- Interested Eligible Service Providers are required to submit the Sealed Quotatin to the office of AEPC, Tahachal, Kathmandu by hand/courier on or before **1:00 P.M. on 16 September 2024.** Quotations received after the deadline will not be accepted.
- Received Sealed Quotatiions will be opened in the presence of Service Providers' representatives who choose to attend at **1:30 P.M. on 16 September 2024** at the office of AEPC, Tahachal, Kathmandu.
- Quotations must be valid for a period of 45 days counting from the date of Quotation opening and must be accompanied by a bid security, amounting to minimum **NRs. 35,000.00,** which shall be valid for minimum 28 days beyond the bid validity period (i.e., **Valid up to minimum 27 November 2024**).
- If service provider wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Office Code: **3080002** and Account Name: **DTCO, Kathmandu,** Bank Account No.: **1201200001002524** at Nepal Rastra Bank, Thapathali and submit the receipt of the deposited amount of cash along with Sealed Quotation.
- Other details are provided in the RFQ Document available at the office of AEPC/MGEAP, Tahachal, Kathmandu.

**भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि., बागमती प्रदेश कार्यालय, काठमाडौंको २१ दिने सूचना**

**सूचना प्रकाशन मिति : २०८१/०५/१३ गते**

यस बैंकको शाखा महाराजगञ्जबाट तपशिलबमोजिमका व्यक्तिले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैङ्कले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि.को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन, नियमबमोजिम कर्जा लिंदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैङ्कको सम्पूर्ण लेना रकम असुलउपर गरिने व्यहोरा समेत जानकारी गराउँछौं।

**सम्बन्धित कार्यालय : शाखा महाराजगञ्ज**

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | पतिको नाम | ससुराको नाम | उद्देश्य | बाँकी साँवा रकम | २०८१ श्रावण मसान्तसम्मको | | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | भाखा नाघेको साँवा | ब्याज तथा अन्य पा.प. | |
| १. | सोममायाँ तामाङ | तारकेश्वर न.पा.-२, काभ्रेस्थली, भेडीगोठ | बुद्धिमान तामाङ | बिसु तामाङ | आवास (घर निर्माण) | १,३७,२९,५४३.०१ | ७,५४,३७०.५० | ६२०,३४२ | १,४३,४९,८८५.०१ |

**कृषि विकास बैंक लिमिटेड**
**बागमती प्रदेश कार्यालय**, गौशाला, काठमाडौं

# पाटन र कान्ति अस्पतालमा सेवाग्राहीको लाइन उस्तै

## स्वास्थ्य मन्त्रालयले अस्पतालमा भिड घटाउन निर्देशन दिए पनि अझै घण्टौं लाइनमा बस्न बाध्य

**■ आमाको उपचारका लागि ९ भदौमा पाटन अस्पताल पुगेकी काठमाडौंकी अञ्जली बिसुंखे डेढ घण्टादेखि लाइनमा थिइन् । आमा ज्येष्ठ नागरिक भएकाले टिकट लिन लामो लाइन बस्नु नपरे पनि चिकित्सकलाई भेट्ने लाइनमा उनले डेढ घण्टा बिताइसकेको बताइन् । थाइराइड र कोलेस्ट्रोल बढेर उपचारका लागि अस्पताल पुगेकी उनकी ६६ वर्षीया आमा बेन्चमै पल्टिरहेकी थिइन् । बिहान १० बजे आमासहित अस्पताल छिरेकी अञ्जलीलाई ओपिडीमा जाँचपछि बिलिङ र औषधि, रिपोर्टका लागि लाग्नुपर्ने लाइनको चिन्ता थियो । ओपिडीमा छिर्न पालो कुर्दाकुर्दै साढे ११ बजेको थियो । हजारौँको भिडमा बेन्चमा पल्टिरहेकी आमालाई हेर्दै अञ्जलीले भनिन्, 'उहाँलाई हरेक तीन महिनामा जाँच गराइराख्नुपर्छ । जाँचका लागि बढीमा एक घण्टा लाग्छ, बाँकी लाइन लाग्दैमा दिन बित्छ । बिलिङ र टिकटका लागि मात्रै लाइन बस्नु नपरे सजिलै हुन्थ्यो ।'**

**■ श्रीमतीको स्वास्थ्य परीक्षणका लागि अस्पताल पुगेका ललितपुर इमाडोलका वसन्त श्रेष्ठ पनि दुई घण्टादेखि लाइनमै थिए । मधुमेह, थाइराइडसँगै आँखामा पनि समस्या देखिइरहने भएकाले महिनामा कम्तीमा तीनपटकसम्म अस्पताल पुग्ने श्रेष्ठको गुनासो पनि अञ्जलीकै जस्तो थियो । 'सबै सेवाका लागि एकैपटक मात्र लाइन बस्नुपरे हुन्थ्यो जस्तो लाग्छ । टिकट लिनेदेखि औषधि किन्दासम्म लाइनमै बस्नुपर्छ । पैसा तिर्न लामो लाइनमा राख्नुभन्दा मोबाइलबाट तिर्नुपर्ने व्यवस्था मात्रै भए पनि धेरै सजिलो हुन्थ्यो,' उनले भने ।**

**■ साढे नौ वर्षीय छोरालाई दमका कारण बोल्न नसक्ने र छाती दुख्ने समस्या देखिएपछि उपचारका लागि ९ भदौमा कान्ति बाल अस्पताल पुगेका रौतहटका धर्मेन्द्र जैसवाल लाइनमा भेटिए । बिहान ७ बजे अस्पताल पुगेका उनी दिउँसोको १ बजेतिर पैसा तिर्ने लाइनमा थिए । यसअघि टोकन, अल्ट्रासाउन्ड, ओपिडी र बिलिङ गरी उनी डेढ–दुई घण्टा लाइनमै बिताइसकेका थिए । 'लाइन धेरै लामो भएकाले श्रीमती र म छुट्टाछुट्टै लाइनमा बसेका छौँ । लाइन बसेन भने अल्ट्रासाउन्डको रिपोर्ट आज आउँदैन । भोलि बिदा छ, पर्सिसम्म काठमाडौं बस्न खर्च लाग्ने भएकाले एउटा लाइनमा श्रीमती र एउटामा म बसेको हो,' जैसवालले भने ।**


थाइराइड र कोलेस्ट्रोलको उपचारका लागि पाटन अस्पताल पुगेकी ६६ वर्षीया महिला बेन्चमै आराम गर्दै ।


कान्ति बाल अस्पतालमा टिकट काटन लाइन बसेका सेवाग्राही । **तस्बिर : संजित परियार/नयाँ पत्रिका**


● **डा. युवराज शर्मा**, मेडिकल निर्देशक, पाटन अस्पताल
अस्पतालको भिडभाड घटाउने प्रयास गरिरहेका छौँ, तर बिरामीको संख्या घटेको छैन, सेवाको स्तर घटेको छैन । लाइन लागेर हुने भिडभाड घटाउन अस्पतालका भवनहरू बढाउनुपर्‍यो, चिकित्सक र स्वास्थ्यकर्मीको संख्या पनि बढ्नुपर्‍यो ।


● **रमेशनरसिंह केसी**, सूचना अधिकारी, कान्ति बाल अस्पताल
अस्पतालमा सधैँ भिडभाड देखिने ठाउँ ३१ वर्षअगाडि जापानिजले बनाइदिएको भवन हो । फार्मेसी, टिकट, टोकन, अन्य सबै बिलिङ, बच्चाको तौल लिने ठाउँ र ओपिडीसमेत त्यही ठाउँमा छ । जनशक्तिसमेत ३० वर्षअगाडिकै छ । मन्त्रालयले भिड घटाउनू भनेर निर्देशन मात्रै दिएर समस्या समाधान गर्न सकिएन ।

**मञ्जु टेलर**/नयाँ पत्रिका

भिड नियन्त्रण, सेवा-सुविधामा सुधारलगायत काम थालेको भन्दै गत २७ साउनमा पाटन र कान्ति अस्पतालसहित १७ वटा संघीय अस्पतालले स्वास्थ्य मन्त्रालयलाई रिपोर्ट बुझाएका थिए । टिकट लिन, डाक्टरलाई जचाउन, बिमाबापतको सेवा लिन, औषधि खरिद गर्नलगायतमा लामो लाइन बस्नुपर्ने बाध्यता हटाउने गरी काम थालेको अस्पतालहरूले बताए पनि उपत्यकासशिच देशभरका अधिकांश संघीय अस्पतालको अवस्था भने उस्तै छ ।

ओपिडीका लागि मात्रै दैनिक १६ देखि १८ सय बिरामी र अन्य सेवाका लागि तीन हजारसम्मले सेवा लिँदै आएको पाटन अस्पतालमा भिडभाड मुख्य समस्या बनेको छ । अस्पतालले अनलाइन टिकट र डिजिटल पेइङ प्रणाली लागू गर्न नसक्दा दिनहुँ सेवाग्राहीले सास्ती भोग्दै आएका छन् । चिकित्सक राउन्ड, बिरामी भर्ना र बिरामी डिस्चार्जको व्यवस्था मिलाउने कार्यलाई डिजिटल बिलिङ र सोको सारभूत कार्यान्वयन अभ्यास थप व्यवस्थित गर्ने र व्यावहारिक रूपमा १ भदौदेखि पूर्ण रूपमा लागू हुने बताए पनि भिड नियन्त्रण हुन सकेको छैन ।

बिरामीलाई सहज सेवाका लागि सुधार थालिएको भन्दै पाटन अस्पतालले दुई साताअघि नै १० बुँदामा स्वास्थ्य मन्त्रालयलाई रिपोर्ट कार्ड पठाएको थियो । भिड व्यवस्थापन गर्न अस्पतालमा जनरल र पेइङको प्रणाली थप व्यवस्थित गरिएको, विस्तारित सेवा प्रवाहका लागि अस्पतालमै सञ्चालनमा रहेको पिपिपी सेवा थप व्यवस्थित गरिएको, ओपिडी एवं शल्यक्रियासम्बन्धी कार्यलाई द्रुत बनाउन बिदाको दिनमा समेत ओपिडी एवं शल्यक्रिया सञ्चालनमा ल्याइएको, बिमा व्यवस्थित गरिएको जस्ता सुधार थालिएको भन्दै मन्त्रालयलाई जानकारी गराएको छ । यस्तै, अनलाइन बुकिङ प्रणाली सुविधा अघि बढाइएको, सेवाबारे सोधपुछ, सहायता कक्ष, गुनासो सुन्ने, पिउने पानी तथा शौचालयलाई थप व्यवस्थित बनाइएको र सेवाग्राहीको सोधपुछ एवं जानकारीका लागि स्थानको किटानीमा नम्बरिङ गरी प्रत्येक तल्लामा सबै सेवाको जानकारी बोर्ड राखिएको, अस्पताल परिसरमा नागरिक डिजिटल बडापत्र राखिएको जस्ता सुधार गरिएको भनी मन्त्रालयलाई जानकारी दिइए पनि हालसम्म सेवाग्राहीले सेवामा सुधार भने पाएका छैनन् ।

अस्पतालले स्वास्थ्य मन्त्रालयको निर्देशनअनुरूप सेवामा सुधार ल्याइएको बताइए पनि स्रोत सुनिश्चित नहुँदासम्म भिडभाड नियन्त्रण गर्न नसकिएको अस्पतालले जनाएको छ । डिजिटल पेइङ प्रणाली अझैसम्म मूल्यांकनकै क्रममा रहेको, सेवा दिने जनशक्ति नबढाइएको, सेवा दिन आवश्यक ठाउँको सीमितता र सेवाग्राहीको चापसमेत उस्तै रहेको अवस्थामा एकैचोटि भिडभाड नियन्त्रण सम्भव नभएको अस्पतालका मेडिकल निर्देशक डा. युवराज शर्माले बताए ।

दैनिक ओपिडीका लागि मात्रै ६ सयभन्दा बढी बिरामी पुग्ने कान्ति बाल अस्पतालमा दिउँसोको समय अत्यधिक भिड रहन्छ । स्वास्थ्य मन्त्रालयको निर्देशनमा अस्पतालमा दुई सिफ्टमा ओपिडी सञ्चालन सुरु गरिएको, विस्तारित अस्पताल सेवा कार्यक्रम लागू गर्ने विषयमा आवश्यक प्रक्रिया अघि बढाइएको, अस्पतालमा चिकित्सकको राउन्ड, बिरामी भर्ना र बिरामीको डिस्चार्जबिचको समयको तादात्म्यता मिलाएर बेड अभावका कारण बिरामी भर्ना हुन नसकी उपचारबाट वञ्चित हुनुपर्ने अवस्थाको अन्त्य गर्ने उद्देश्यले पिआइसियूमा तीनवटा बेड, एनआइसियूमा तीनवटा बेड र २० वटा अब्जर्भेसन बेड फेर्ने तयारी गरिए पनि सेवाग्राहीको सास्ती भने उस्तै छ ।

ओपिडीलगायत सेवा दिने र टिकटलगायत अन्य बिलिङ गर्ने ठाउँ एकदमै सानो भएकाले भिड व्यवस्थापन निकै मुस्किल भइरहेको अस्पताल प्रशासनले जनाउँदै आएको छ । 'अस्पतालमा सधैँ भिडभाड देखिने ठाउँ ३१ वर्षअगाडि जापानिजले बनाइदिएको भवन हो । फार्मेसी, टिकट, टोकन, अन्य सबै बिलिङ, बच्चाको तौल लिने ठाउँ र ओपिडीसमेत त्यही ठाउँमा छ । जनशक्तिसमेत ३० वर्षअगाडिकै छ । मन्त्रालयले भिड घटाउनू भनेर निर्देशन मात्रै दिएर समस्या समाधान गर्न सकिएन,' अस्पतालका सूचना अधिकारी रमेशनरसिंह केसीले भने ।

## हैजा महामारी नियन्त्रणका लागि सरकारको ध्यानाकर्षण

**काठमाडौं**/ हैजा महामारी नियन्त्रणका लागि संसद्ले सरकारको ध्यानाकर्षण गराएको छ । रास्वपा सांसद डा. तोसिमा कार्कीले 'हैजा महामारीका कारण निम्तिन सक्ने स्वास्थ्य संकटकालको पूर्वानुमान, नियन्त्रण र प्रतिकार्यलाई प्रभावकारी बनाउन' दर्ता गरेको ध्यानाकर्षण प्रस्तावमा छलफल गर्दै प्रतिनिधिसभाले सरकारको ध्यानकर्षण गराएको हो ।

स्वास्थ्यमन्त्री प्रदीप पौडेलले हैजा रोकथाम नियन्त्रणका लागि ध्यानाकर्षण प्रस्ताव सान्दर्भिक रहेको उल्लेख गर्दै नियन्त्रणका प्रयास भइरहेको जानकारी सदनलाई गराए । हैजासम्बन्धी परीक्षणका लागि आवश्यक किट सातै प्रदेशमा मौज्दात रहेको उल्लेख गर्दै उनले सन् २०३० सम्म हैजा निर्मूल पार्ने सरकारको लक्ष्य सुनाए । खानेपानी अशुद्धता र सरसफाइमा ध्यान नदिँदाका कारण हैजा फैलिने गरेको भन्दै उनले प्रमुख कारण नै खानेपानीमा शुद्धता नहुनु भएकाले खानेपानी मन्त्रालयसँग समन्वय गरेर व्यापक रूपमा सुधार गरिने प्रतिबद्धता जनाए ।

ऐनले व्यवस्था गरेबमोजिम तीनवटै तहका जनप्रतिनिधि रहने विषयगत समितिको बैठक बसेर हैजा र डेंगुलाई सामना गर्ने सामूहिक र समन्वयात्मक प्रयास गर्ने गरी निर्णय गरेर अगाडि बढेको जानकारी पनि मन्त्री पौडेलले गराए । हैजा प्रभावित क्षेत्रको द्रुत सूचना, जनचेतना अभिवृद्धिलगायत क्रियाकलाप प्रभावकारी रूपमा तीनै तहका सरकारको समन्वयमा कार्य भइरहेको, काठमाडौं उपत्यकाका स्थानीय सरकार प्रमुखसँग हैजा, डेंगुलगायत महामारीजन्य अवस्थाको व्यवस्थापन कसरी प्रभावकारी बनाउने भनेर अन्तर्क्रिया तथा ठोस कदम चाल्नका लागि सहकार्य गरिएको जानकारी दिए । वर्षायाममा देशभर हैजाको जोखिम रहे पनि नयाँ बिरामी नभएको, उपचाररत चारजना रहेको उल्लेख गर्दै मन्त्री पौडेलले हैजाकै कारण जनस्वास्थ्य संकटकाल लगाउनुपर्ने अवस्था नभएको बताए ।

### ■ रोल्पामा चारजनामा हैजा पुष्टि

रोल्पामा चारजनामा हैजा संक्रमण देखिएको छ । प्रदेश जनस्वास्थ्य कार्यालयका अनुसार रोल्पा नगरपालिकाको धवाङ्का चारजनामा हैजा पुष्टि भएको हो । संक्रमितको जिल्लामै उपचार भइरहेको जनाइएको छ । यस वर्ष देशभर हैजाबाट प्रभावितको संख्या ७१ पुगेको छ । यसअघि मकवानपुरमा एक, प्युठानमा दुई, ललितपुरमा ४७, काठमाडौंमा नौ र कैलालीमा आठ गरी ७१ जनामा संक्रमण देखिएको हो । तर, रोल्पामा देखिएका बिरामीबाहेक सबैजना निको भइसकेको एपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ ।

## महाधिवेशनको डेढ महिनापछि एकीकृत समाजवादीमा पदाधिकारी चयन

### महिला उपाध्यक्षमा जयन्ती राईसँग पराजित भइन् रामकुमारी झाँक्री

**प्रेम गौतम**/नयाँ पत्रिका

एकीकृत समाजवादीले महाधिवेशनको डेढ महिनापछि निर्वाचनबाट पदाधिकारी चयन गरेको छ । उपाध्यक्ष, उपमहासचिव र सचिव गरी १७ पदाधिकारीका लागि ६६ जना चुनावी प्रतिस्पर्धामा थिए । उपाध्यक्ष खुलामा डा. गंगालाल तुलाधर, जगन्नाथ खतिवडा, भानुभक्त जोशी र प्रकाश ज्वाला विजयी भएका छन् ।

तुलाधरले १८९, खतिवडाले १६१, जोशीले १५६ र ज्वालाले १३९ मत ल्याएका छन् । पराजित विरोध खतिवडाले १२७ र डा. विजय पौडेलले १०७ मत ल्याएका छन् भने अन्यले सयभन्दा कम मत ल्याएका छन् । उपाध्यक्ष खुला चारजनाका लागि ११ जना प्रतिस्पर्धामा थिए । ललितबहादुर बस्नेत, उर्वादत्त पन्त, साध्यबहादुर भण्डारी, केशवलाल श्रेष्ठ र बलराम बास्कोटा पनि उम्मेदवार थिए ।

महिला उपाध्यक्षमा जयन्ती राईले रामकुमारी झाँक्रीलाई पराजित गरेकी छिन् । राईले सर्वाधिक १९९ मत ल्याउँदा झाँक्रीले ११२ मत मात्र ल्याइन् । झाँक्री चर्चित पात्र भए पनि नेतृत्वसँग राम्रो सम्बन्ध नभएकाले धेरै मतान्तरले पराजित भएको नेताहरू बताउँछन् । 'उहाँको सम्बन्ध अध्यक्षसँग र सम्मानित नेतासँग पनि राम्रो थिएन । नेतृत्वविरुद्ध विगतमा उहाँले विषवमन गर्नुभएको थियो । त्यसैको परिणाम निर्वाचनमा देखियो,' नेपालनिकट एक नेताले भने । झाँक्रीनिकट नेताहरूले बदलाको राजनीति राम्रो नहुने चेतावनी दिएका छन् । एक केन्द्रीय सदस्यका अनुसार भोट नहाल्ने सूची पनि वितरण गरिएको थियो । जसमा डा. विजय पौडेल, प्रकाश ज्वाला र रामकुमार झाँक्रीको नाम थियो । उनीहरूले पार्टीमा पुस्तान्तरणको विषय उठान गरेका थिए ।

मधेशी उपाध्यक्षमा धर्मनाथप्रसाद साहले रामचन्द्र झालाई पराजित गरेका छन् । उपमहासचिवमा मेटमणि चौधरी, गरिमा शाह, रामकुमार भट्टराई र राजेन्द्र राई विजयी भएका छन् । उपमहासचिव चारजनाका लागि १९ जना चुनावी मैदानमा थिए । लक्ष्मण केसी, रामचन्द्र यादव, महेश रेग्मी, डा. देउमान सम्बाहाङ्फे, नागेन्द्र चौधरी, अम्बरबहादुर थापा, लक्ष्मण पौडेल, शत्रुधन महतो, हरिप्रसाद पराजुली, श्रीप्रसाद साह, जीवनराम श्रेष्ठ, मीना ज्ञवाली, भविश्वर पराजुली, गोमा विष्ट र भवानी खड्का पनि प्रतिस्पर्धामा थिए । सचिव दलितमा गणेश विश्वकर्मा र सचिव आदिवासी जनजातिमा बलदेव चौधरी निर्वाचित भएका छन् । सचिव खुलामा शेरबहादुर कुँवर, सोमप्रसाद पाण्डेय, सावित्रा भुसाल, श्रीनाथ बराल र चन्द्रबहादुर शाही विजयी भएका छन् ।

### वरिष्ठ उपाध्यक्षमा पाण्डे निर्विरोध



वरिष्ठ उपाध्यक्षमा राजेन्द्र पाण्डे निर्विरोध निर्वाचित भएका छन् । घनेन्द्र बस्नेतले उम्मेदवारी फिर्ता लिएपछि पाण्डे सर्वसम्मत निर्वाचित भएका हुन् । पाण्डेले पार्टीलाई सशक्त बनाउन भूमिका खेल्ने प्रतिक्रिया दिए । बस्नेतले भने नेतृत्वको आग्रहमा उम्मेदवारी फिर्ता लिएको बताए । 'नेतृत्वले सहमतिमा अघि बढ्ने भनेपछि उम्मेदवारी फिर्ता लिएको हुँ,' उनले भने । बस्नेतसहित पूर्वउपाध्यक्ष डा. बेदुराम भुसाल र प्रमेश हमाललाई वरिष्ठ नेता बनाउने तयारी छ । भुसाल र हमालले कुनै पनि पदमा उम्मेदवारी दिएनन् । गत १६-२१ असारमा सम्पन्न महाधिवेशनबाट अध्यक्षमा माधवकुमार नेपाल, सम्मानित नेतामा झलनाथ खनाल र महासचिवमा घनश्याम भुसाल सर्वसम्मत निर्वाचित भएका थिए । दुई चरणमा गरेर ३४४ केन्द्रीय कमिटी चयन गरिएको थियो ।

### पदाधिकारीमा पराजित पूर्वपदाधिकारी

केशवलाल श्रेष्ठ - पूर्वउपाध्यक्ष
डा. विजय पौडेल - पूर्वउपमहासचिव
रामकुमार झाँक्री - पूर्वसचिव
हरिप्रसाद पराजुली - पूर्वसचिव
जीवनराम श्रेष्ठ - पूर्वसचिव
नागेन्द्र चौधरी - पूर्वसचिव
पूर्वउपाध्यक्ष डा. बेदुराम भुसाल र प्रमेश हमाल उम्मेदवार नै भएनन्, घनेन्द्र बस्नेतले उम्मेदवारी फिर्ता लिए

## एमाले सांसद भट्टराईको अभिव्यक्तिले संसद्मा नोकझोक

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

एमाले सांसद योगेश भट्टराईको अभिव्यक्तिका कारण बुधबारको प्रतिनिधिसभा बैठकमा सांसदहरूबिच भनाभन भएको छ । भट्टराईले विशेष समयमा बोल्ने क्रममा डेडिकेटेड फिडर र ट्रंकलाइन महसुल बक्यौता सम्बन्धबारे चर्चा गरेका थिए । उनले 'माओवादी हिंसा'कै कारण ऊर्जा क्षेत्रको विकास पछि परेको दाबी गरेपछि माओवादी सांसदहरूले प्रतिवाद गरेका थिए । माओवादी सांसदहरूले 'जनयुद्ध'को अपमान गरेको भन्दै आपत्ति जनाएका थिए ।

'यदि यो देशमा १० वर्ष माओवादी हिंसा नभएको भए विद्युत्मा योभन्दा ठूलो क्रान्ति हुन्थ्यो । माओवादीले कतिवटा ट्रान्समिसन पड्कायो ? कतिवटा सबस्टेसन पड्कायो ? विद्युत् उत्पादन गर्न खोलामा गएकालाई चन्दा उठाएर भगाइयो । असुरक्षाका कारण लगानी भएन । माओवादीको १० वर्षको हिंसा नभएको भए ०७५ मा होइन, ०६५ मै लोडसेडिङ मुक्त हुन्थ्यो,' उनले भने ।

भट्टराईको अभिव्यक्तिप्रति माओवादी सांसद माधव सापकोटाले नियमापत्ति जनाए । 'नियमापत्ति हुने गरी शब्द प्रयोग गर्न पाइँदैन । तर, उहाँले गैरसंसदीय र अमर्यादित शब्द बोल्नु भयो,' उनले भने । त्यसपछि सभामुख देवराज घिमिरेले ध्यानाकर्षण भएको भन्दै आसनग्रहण गर्न आग्रह गरे । सापकोटाले अगाडि भने, 'सभामुख महोदय, हिंसा भन्ने शब्द प्रयोग गर्नुभएको छ ।' त्यसपछि एमाले सांसद भट्टराईले भने, 'हिंसा नै हो नि सभामुख महोदय । माननीयहरू हिंसा मान्नुहुन्न । तर, यो हिंसा नै हो । हिंसाबाहेक केही होइन । हाम्रो परिभाषामा यही हो । उहाँहरूले नमाने पनि हुन्छ, केही फरक पर्दैन । यो हाम्रो पोलिटिकल कमिटमेन्ट हो ।'

**'हिंसा' शब्द संसद्को रेकर्डबाट हटाउन माओवादी सांसदको माग**

भट्टराईले हिंसा शब्द दोहोर्‍याइरहेपछि माओवादी सांसदहरूले उठेर टेबुल ठोकेका थिए ।

माओवादी सांसद देवन्द्र पौडेलले भने, 'हामीले कानुन र संविधान बनाएका छौँ । त्यसमा विभिन्न आन्दोलनको समीक्षा गरेका छौँ । त्यसमा यसलाई हिंसात्मक द्वन्द्व भनिएको छैन । हामी खबरदारी गर्न चाहन्छौँ । तपाईंलाई यस्तो शब्द प्रयोग गरेर शान्ति प्रक्रिया तलमाथि गर्ने नैतिक धरातलले दिँदैन । उहाँले प्रयोग गरेको शब्द रेकर्डबाट हटाउनुपर्छ । संविधान प्रतिकूल हुने शब्द प्रयोग नहोस् ।'

त्यसपछि माओवादी प्रमुख सचेतक हितराज पाण्डेले बोल्न समय मागे, तर पाएनन् । माओवादी सांसदहरूले प्रमुख प्रतिपक्ष दलको प्रमुख सचेतकलाई बोल्न नदिने भन्दै विरोध गरेका थिए । माओवादी सांसदहरूको विरोधकै बिच सभामुख घिमिरेले एमाले सांसद भट्टराईलाई बोल्न समय दिए । हात उठाइरहेपछि सभामुख घिमिरेले भट्टराईलाई रोक्दै पाण्डेलाई समय दिए । पाण्डेले भने, 'नियमको उल्लंघन गरिएको छ । न दिएको समय पालना गरिएको छ, न त संसदीय भाषा प्रयोग गरिएको छ । यहाँ प्रयोग भएको भाषा संविधानअनुसार छैन । त्यसकारण हिंसा भन्ने शब्द रेकर्डबाट हटाउन अनुरोध गर्दछु ।' एमाले र माओवादी सांसदहरूबिच २१ मिनेटसम्म विवाद भएको थियो ।




Celebrate this festive season with Hyundai and enjoy exciting benefits for an incredible journey ahead.

6 YEARS FREE SERVICE | 3 YEARS WARRANTY | HYUNDAI परिवार | HYUNDAI नेपाल MADE FOR YOUR JOURNEY | HYUNDAI

Laxmi InterContinental Pvt. Ltd.
(An ISO 9001:2015 Certified Company) an entity of Laxmi Group Nepal

**Hyundai Call Center No:** 01-5970226
**Dealership:**
**Bhaktapur:** 01-6635266, 6637147, 9801201016, **Naxal:** 01-4513934, 4513942, 9801201082,
**Thapathali:** 01-5911553, 5911554, 5911556, 5911457, 5911558, 5911568, 9801239277, **Thapathali-EV:** 01-5912626, 5913636, 9801239277
**Bhairahawa:** 071-575428, 9802608803, 9802608801, **Bharatpur:** 056-522776, 9801353761, 9801353765, **Biratnagar:** 021-466609, 9802369313, **Birtamod:** 023-541495, 9802672044, 9802672041, **Butwal:** 071-415278, 9801943959, 9801943958, **Dang:** 082-563634, 9801347966, 9801347967, **Dhangadi:** 091-524492, 9802540105, **Hetauda - Birgunj:** 057-520200, 9802641982, 9802641989, **Itahari:** 025-588486, 9801239293, **Nepalgunj:** 081-550427, 9802546481, **Pokhara:** 061-537426, 9801201010, 9801240155

# भूमि आयोग गठनमा ढिलाइ किन ?

## अब बन्ने भूमि आयोगले भूमिहीन सुकुमवासीका मुद्दा कुनै हालतमा टुंगो लगाइछाड्ने कार्यादेश पनि पाउन जरुरी छ



● विश्वास नेपाली

अग्रलेख

नयाँ सरकारले भूमि आयोग गठनमा अनावश्यक ढिलाइ गरिरहेको छ। वर्तमान गठबन्धनबाट केपी शर्मा ओली प्रधानमन्त्री बन्नेबित्तिकै आयोग बनाउलान् र भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीको समस्या टुंगोमा पुऱ्याउन प्राथमिकता दिनेछन् भन्ने आमअपेक्षा थियो।

नेपालमा करिब ८० हजार भूमिहीन दलित र १ लाख ६० हजार भूमिहीन सुकुमवासी छन्। करिब आठ लाख अव्यवस्थित बसोवासी भएको अनुमान छ। त्यसको पुस्ट्याइँ पछिल्लो भूमि आयोगमा ७२७ वटा स्थानीय तहमार्फत पेस भएका निवेदनले पनि गर्छन्। बाँकी स्थानीय तहमा पनि यो समस्या छ।

ओली नेतृत्वकै सरकारको पालामा संसद्ले २०७६ भदौमा भूमिसम्बन्धी ऐन २०२१ मा आठौँ संशोधन गरेको थियो। संशोधित ऐनमा भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीका लागि जग्गा दर्ता एवं जग्गा व्यवस्थापन गर्ने व्यवस्था थपियो। यसरी संविधानमै भएको व्यवस्थालाई कार्यान्वयन गर्न कानुनी बाटो खोल्नका लागि ऐन संशोधन गरिएपछि लामो पर्खाइमा बसेका भूमिहीन एवं अव्यवस्थित बसोवासी खुसी नहुने कुरै भएन। वर्षौंदेखि थाती रहेको समस्याको स्थायी समाधान हुने अपेक्षा राखिनु उचित पनि थियो किनभने भूमिहीनका समस्या समाधान गरिने विषय नेपालको संविधानको मौलिक हकमै ग्यारेन्टी गरिएको थियो।

ऐन संशोधनपछि देवी ज्ञवाली नेतृत्वमा २०७६ चैतमा भूमिसम्बन्धी समस्या समाधान आयोग गठन भयो। सो आयोगले करिब डेढ वर्षजति मात्र काम गर्न पायो। ज्ञवाली नेतृत्वको आयोगले त्यसअघिका आयोगले भन्दा केही पृथक् काम गर्ने कोसिस गऱ्यो। उसले स्थानीय तहमार्फत लगत संकलन, प्रमाणीकरण र प्रविष्टीकरणमा काम गरेको थियो। डिजिटल सिस्टम बनाएर सुरुवात गरिएको यो कामले केही बढी समय त अवश्य लियो नै, तर आज सरकारसँग कति भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासी छन् भन्न सक्ने तथ्यांक छ। त्यसअघिका आयोगले भूमिहीन सुकुमवासीको व्यवस्थित डाटाबेस तयार गर्न नसकेकै कारण बढी आलोचना खेप्नुपरेको हो। ज्ञवाली नेतृत्वको आयोगमा लामो समयदेखि भूमि अधिकार अभियानमा काम गरेका विज्ञहरू पनि सहभागी थिए। उक्त आयोग विघटन (१९ साउन, २०७८) हुनुपूर्व ११ लाख ८० हजार ७ सय ६१ परिवार (भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासी)ले स्थानीय तहमार्फत निवेदन पेस गरेका थिए।

त्यसपछि सरकारको नेतृत्वमा कांग्रेस सभापति शेरबहादुर देउवा पुगेपछि २०७८ भदौमा केशव निरौलाको अध्यक्षतामा राष्ट्रिय भूमि आयोग गठन भयो। आयोग विघटन हुनुपूर्व ५ हजार ३ सय ५३ परिवारले लालपुर्जा पनि प्राप्त गरे। स्थानीय तहमार्फत प्रक्रिया पूरा भएर लालपुर्जा वितरणको अन्तिम चरणमा रहेका निवेदन फाइल पनि झन्डै लाखको हाराहारीमा रहेका थिए। तर, समस्या के थियो भने चर्को राजस्वका कारण भूमिहीन एवं अवस्थित बसोबासीले लालपुर्जा लिन सकिरहेका थिएनन्।

आयोग विघटनसँगै ७२७ स्थानीय तहमार्फत भूमि आयोगमा दर्ता भएका भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीको जग्गा प्राप्तिको काम रोकिएको छ। दुई पार्टी सम्मिलित सरकारको मुख्य प्राथमिकता भूमिहीनका मुद्दा टुंग्याउनु जरुरी छ। त्यसका लागि एक अधिकारसम्पन्न आयोग आवश्यक छ। र अब बन्ने भूमि आयोगले कुनै हालतमा भूमिहीन सुकुमवासीका मुद्दा टुंगो लगाउने कार्यादेश पनि पाउन जरुरी छ।

यसपटक त २०७६ सालयताका ५ वर्षको अवधिमा स्थानीय सरकारले पनि भूमिहीन सुकुमवासीको जग्गा दर्ता एवं व्यवस्थापनमा धेरै लगानी गरिसकेका छन्। संघीय सरकारले त्यता पनि ध्यान दिनुपर्ने अवस्था छ। भूमिहीनको व्यवस्थापन गर्न स्थानीय सरकारको लगानीलाई बालुवामा पानीसरह बनाइनुहुँदैन।

पछिल्ला ३५ वर्षमा बनेका आयोगले सरदर १ वर्ष ८ महिना मात्र काम गर्न पाएको देखिन्छ। कार्यादेशमा जे लेखिए तापनि सरकार फेरिनेबित्तिकै भूमि आयोग पनि विघटन गरिने चलन नै चलाइएको हुँदा त्यसको मार सबैतिर परेको छ। यसअघिका १८ वटा भूमि आयोगले विभिन्न चरणमा करिब १ लाख ६१ हजार भूमिहीन परिवारलाई जमिन वितरण गरेको देखिन्छ। तर, यहाँ हल्लाचाहिँ सबै नेपाली जनसंख्याले लालपुर्जा पाइसके भन्ने चलाइएको छ। यो सर्वथा गलत छ। त्यसैले बेतुकको तर्क गरेर भूमिहीनलाई जग्गा बाँडे, 'बेच्छन्', फेरि 'भूमिहीन हुन्छन्' भन्ने अफवाह फैलाउनुभन्दा यस्तो समस्या किन सधैँ पालिराख्नु, बरु छिट्टै टुंग्याऔँ भनेर सरकारलाई सकारात्मक दबाब सिर्जना गर्नु वाञ्छित हुन्छ।

संशोधित कानुनअनुसार एकपटक जग्गा पाइसकेकाले अब फेरि 'भूमिहीन हुँ' भनेर निवेदन पेस गर्नसम्म पाउँदैनन्। अर्कातर्फ, अब जग्गा प्राप्त गर्ने परिवारको सम्पूर्ण विवरण (डिजिटल डाटाबेसका रूपमा) सरकारसँग सुरक्षित हुनेछ। यस्तो तथ्यांक स्थानीय सरकार र संघीय सरकार दुवैसँग हुने भएकाले नाजायज चलखेलको सम्भावनालाई पनि निषेध गरेको छ। र यस्तो गर्नदिनु पनि हुँदैन।




पछिल्ला आयोगले बनाएका कार्यविधिमा अव्यवस्थित बसोवासीले १० वर्षदेखि 'आमोद कमोत' गरेको जग्गाको जग्गा दर्ता गरिदिने, तर त्यसबापत राजस्व तिर्नुपर्ने सर्त राखियो। जग्गाको क्षेत्रफलको सीमा तोकिएका कारण कतिपय भूमिहीन दलित तथा भूमिहीन सुकुमवासीले पनि अव्यवस्थित बसोवासीको (सेतो फाराम) फाराम भरी केही बढी अर्थात् आफूले जोतभोग गर्दै आएको जग्गाको लालपुर्जा लिने प्रयत्न गरे, तर चर्को राजस्व तिर्नुपर्ने अवस्था आएपछि लालपुर्जा वितरणको प्रक्रिया पछिल्लो आयोगले पनि सोचेजति अघि बढाउन सकेन।

देशभरिबाट राजस्व घटाउनुपर्ने सुझाव आएपछि आयोगको केन्द्रीय टोलीले अर्थ मन्त्रालयसँग प्रस्ताव राख्दा स्वीकृत हुन सकेन। त्यो प्रक्रिया लम्बियो। खासगरी राजस्व घटाउन धेरै स्थानीय तहले पनि संघीय सरकारलाई अनुरोध गरेकै हुन्, तर त्यो हुन सकेन। अबको आयोगले यस विषयमा ध्यान दिनुपर्छ।

> भूमि सुधारका लागि वर्तमान सरकारले एउटा संकल्प लिएर राजनीतिक प्रतिबद्धता लिँदै यो विषयलाई टुंगोमा पुऱ्याउन जरुरी छ। अब यी समस्या थाती राखेर थप राजनीति गर्नुहुँदैन। एकपटक मुलुकभरका भूमिहीनलाई घरजग्गाको अधिकार दिलाउने काम गरियोस्।

वन मन्त्रालयअन्तर्गतका कर्मचारी पनि भूमि आयोगका सदस्य हुने व्यवस्था कानुनमा राखिएको छ। देशभरका अधिकांश भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोवासीले वनक्षेत्र, सामुदायिक वन, हैसियत बिग्रिएको वनक्षेत्रमै बसोवास गर्दै आएका हुन्। तर, ती क्षेत्रमा बसोवास गर्ने भूमिहीनको जग्गा दर्ता गर्ने कुरामा वन कार्यालयका कर्मचारीबाट सहयोग भएन। वन मन्त्रालयले आफ्नै कानुन ठूलो ठान्यो, वनक्षेत्र बढाउनुपर्छ भन्यो। यता भर्खरै संशोधन भएको भूमिसम्बन्धी ऐनलाई पनि उनीहरूले टेरेनन्। निवेदन पेस गरेका भूमिहीन परिवारलाई लालपुर्जा वितरण र जग्गा दर्ताको प्रक्रिया ढिलाइ हुनुको अर्को कारण भनेको वनको कर्मचारीको असहयोग पनि जिम्मेवार रह्यो।

यसलाई पनि सरकारले समीक्षाको विषय बनाउनुपर्छ। नयाँ आयोग गठनमा भइरहेको ढिलाइले निवेदन पेस गरिसकेका भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोवासीका जग्गा दर्ता एवं जग्गा व्यवस्थापन गर्नका लागि सक्रिय रहेका स्थानीय सरकारहरू पनि अलमलको स्थितिमा छन्। उता पटक-पटक निवेदन पेस गर्दै लालपुर्जा पाइने आशामा रहेका भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासी फेरि पनि के हुने हो भन्ने चिन्तामा परेका छन्। अकोतर्फ, गरिब सधैँ गरिबीमै रहनुपर्ने, कानुनी रूपमा व्यवस्था भएकै कुरामा पनि अनेकन जालझेल र आलटाल गरेर उनीहरूलाई भूमिहीन बनाइराख्ने कार्य अत्यन्तै अन्यायपूर्ण छ। भूमिहीनलाई जग्गा दिनुहुँदैन भन्ने तर्क कतिपयको सुनिन्छ, त्यो सर्वथा गलत भाष्य हो।

सरकारको आर्थिक वर्ष ०८१/८२ को नीति तथा कार्यक्रमको आगामी आर्थिक वर्षमा पाँच लाख भूमिहीन, सुकुमवासी, स्ववासी र अव्यवस्थित बसोवासीको समस्या समाधान गर्ने भनिएको छ। तर, सोअनुसार काम गर्नका लागि हालसम्म पनि भूमि आयोग गठन नभएको तथा आवश्यक संरचनाको व्यवस्थापनसमेत नगरिएकाले यति ठूलो संख्यामा वितरण गर्ने भनिएको लालपुर्जा सम्बन्धित व्यक्तिको हातमा पुग्ला त ? भन्ने संशय पनि उत्तिकै उब्जिएको छ।

यसैले भूमि सुधारका लागि वर्तमान सरकारले एउटा संकल्प लिएर राजनीतिक प्रतिबद्धता लिँदै यो विषयलाई टुंगोमा पुऱ्याउन जरुरी छ। अब यी समस्या बाँकी राखेर थप राजनीति गर्नुहुँदैन। एकपटक मुलुकभरका भूमिहीनलाई घरजग्गाको अधिकार दिलाउने काम गरियोस्। देशैभरका भूमिहीन दलितसँग भूमिको स्वामित्व होस्। अनेकन बाधा र अड्चनमा अल्झिएका अव्यवस्थित र अनौपचारिक बसोवासीको समस्या समाधान गर्ने विषय सरकारको गरिमा र कर्तव्यसँग जोडिएको विषय पनि हो।

पछिल्ला दुई आयोगले देशभरका भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीको पारिवारिक विवरण डिजिटल फर्ममा व्यवस्थापन गरेका छन्। देशैभरका स्थानीय तहले ती तथ्यांक अपडेट गरी सुरक्षित राखेका छन्। अब सबै स्थानीय तहसँग डिजिटल डाटा छ। अर्कातर्फ, कुनै पनि भूमिहीन होस् या अव्यवस्थित बसोवासी, उसले जग्गा प्राप्त गर्न होस् या जग्गा दर्ता गर्नका लागि निवेदन पेस गर्न होस्, त्यसका लागि समुदाय तहमै रहेको स्थानीय सरकारको सिफारिस अनिवार्य गरिएको हुँदा एउटा परिवारले पटक-पटक जग्गा प्राप्त गर्छन् भन्ने गलत भाष्य सिर्जना गरेर सरकारलाई प्रभावमा पार्न खोज्नु उचित होइन। प्रश्न के हो भने, पुस्तौँपुस्ता भूमिहीन बन्दै आएका परिवारले अहिलेसम्म लालपुर्जा कस्तो हुन्छ भनेर देख्नसम्म पाएका छैनन्। यस विषयमा सबैको सकारात्मक सहयोग र दबाब जरुरी छ।

संविधानमा लेखिएको छ, सबै नेपाली समृद्ध हुनेछन्, समतामूलक र समाजवादउन्मुख समाज निर्माण हुनेछ, यो परिकल्पना हरेक सरकार अनि हामी सबैको पनि हो। तर, संविधान निर्माण भएर पनि झन्डै एक दशक पुग्नै लाग्दासम्म पनि तमाम भूमिहीन र भूमिसँग जोडिएका मुद्दाको टुंगो लाग्न नसक्नु लज्जाको विषय हो। यसैले यथाशक्य एक अधिकारसम्पन्न आयोग गठन गरी तमाम भूमिहीनका मुद्दा टुंगो लगाउन र उनीहरूलाई हरेक नेपाली नागरिकले पाउनेसरहका सबै हक र अधिकार उपयोग गर्ने वातावरण बनाउन वर्तमान सरकारको अविलम्ब ध्यान जानु जरुरी छ।

---

## ३ प्रश्न

नेपाल प्रहरीका पूर्वएआइजी **विज्ञानराज शर्मा**लाई



**सडकमा मन्त्रीका गाडीले पनि ट्राफिक नियम पालना गर्ने विषय कस्तो लाग्यो ?**

यो कुनै 'हाइलाइट' गरिरहनुपर्ने विषय नै होइन। कानुनतः यो ट्राफिक प्रहरीको आफ्नै नियमित काम हो। कुनै पनि कानुन मन्त्री र सर्वसाधारणलाई फरक हुँदैन। कानुन सबैले मान्नैपर्छ। पाँचजना भिभिआइपीबाहेक अन्य सबैले सडक नियम र कानुन मान्नैपर्छ। त्यसैले, ट्राफिक प्रहरीले सुरु गरेको यो व्यवस्था अनौठो होइन।

**यसले ट्राफिक नियम पालनामा केही सकारात्मक प्रभाव पर्ला त ?**

झन्डावाल गाडी चढ्ने मन्त्रीहरूले नै ट्राफिक नियम पालना गर्न थाले, लेन अनुशासन पालना गरेर सडकमा लाइनमा बस्न थाले भने पक्कै पनि आमजनमानसमा यसको सकारात्मक सन्देश जान्छ। मन्त्रीहरूले पहिल्यै यसरी बस्नुपर्थ्यो। आमनागरिकमा विश्वास खस्केको समयमा सामान्य नै भए पनि यस्ता प्रयासबाट नेताहरूप्रति सहानुभूति बढ्छ। यसबाट आमजनतामा पनि ट्राफिक नियम पालनामा सचेतना बढ्छ।

**यसअघि भिआइपीहरूले नियम नमानेका हुन् कि ट्राफिक प्रहरीले खुसी पार्न खोजेका हुन् ?**

अलिअलि त यो नेताहरूको मिचाहा प्रवृत्ति पनि हो। हामीले जे गरे पनि हुन्छ भन्ने सोचको परिणाम पनि हो यो। कतिपयमा मन्त्री भइसकेपछि हामी आमसर्वसाधारणभन्दा भिन्न हौँ, विशेष हौँ, हामीले नियम मानिरहनुपर्दैन भन्ने सोच पनि हुन्छ। कतिपय मन्त्रीलाई चाहिँ यस विषयमा खासै थाहा हुँदैन। पिएसओले जसरी सवारी चलाउँछन्, उनीहरूले त्यसैलाई मान्छन्। खासगरी मन्त्रीका पिएसओले ट्राफिक प्रहरीलाई हैरान पार्छन्। क्याबिनेट बैठकमा जाँदा वा विपत्को समयमा नियम पालना गर्न नसकिएला पनि। तर, सामान्य अवस्थामा लाइनमा बस्दा मन्त्रीहरूको इज्जत बढ्छ। जनमानसमा सकारात्मक प्रभाव पर्छ।

---

प्रेरक प्रसंग

## गान्धीलाई सेठको प्रश्न



एकपटक महात्मा गान्धीसित भेटघाटका लागि एक मारवाडी सेठ पुगे। मारवाडी वेशभूषामा सजिएका सेठले शिरमा निकै ठूलो पगरी बाँधेका थिए। कुराकानीका क्रममा उनले गान्धीसित सोधे- बापु, तपाईंका नाममा देशभरका जनता गान्धी टोपी लगाउँछन्। तर, तपाईं स्वयं भने यसको उपयोग गर्नुहुन्न, किन ?

मारबाडी सेठको प्रश्न सुनेर गान्धी हल्का मुस्कुराए। मुस्कुराउँदै उनले भने- सेठजी, तपाईंले बिल्कुलै ठिक भन्नुभयो। मैले पनि जनताले जस्तै टोपी लगाउनैपर्ने हो। तर, तपाईं एकपटक आफ्नो पगरी निकालेर हेर्नुहोस् त, यसबाट कम्तीमा पनि २० टोपी तयार हुन सक्छन्। जब २० टोपीबराबरको कपडा तपाईंजस्ता धनीमानी एक्लैले आफ्नो पगरी लगाएर सिध्याउनुहुन्छ भने बिचरा १९ मानिस त नांगो शिर रहनैपर्छ नि होइन र ? हो, ती १९ मानिसमध्ये म पनि एक हुँ।

गान्धीको जवाफ सुनेर ती मारबाडी सेठ निरुत्तर बने। उनी केही बोल्नै सकेनन्। तर, उनी चुप भए पनि गान्धीले भने आफ्नो भनाइ जारी नै राखे। उनले भने- धनीमानीको अनावश्यक सञ्चय र अपव्ययले आर्थिक रूपमा कमजोर मानिसलाई आफ्नो हिस्साबाट वञ्चित राख्छ। यस्तो अवस्थामा मजस्ता धेरै मानिसले टोपीबाट वञ्चित रहेर त्यस अभावको पूर्ति गर्नैपर्छ।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

### केको रोइकराइ ?

११ भदौमा प्रकाशित राजीव तुली र डा. प्रशान्त वर्थवालको 'बंगलादेशमा अल्पसंख्यकको सुरक्षाको प्रश्न' पढेँ। एनडिटिबी र अपूर्वानन्दलाई त हिन्दु र मोदीको आलोचना गर्नमा थकाइ लाग्छ कि लाग्दैन कुन्नि ? केही दिनअघि यसै पत्रिकामा अपूर्वानन्दको लेखमा बंगलादेशका हिन्दुको होइन, त्यसैको बहानामा भारतका हिन्दुबाट मुस्लिममाथि संगठित आक्रमणको चिन्ता थियो। ओबिसीले त खुलेआम भने कि बंगलादेशको मामला हाम्रो चिन्ता होइन। क्या खुब ! तर, महोदय प्यालेस्टाइनको चिन्तामा दिनरात दुब्लाउँदै छन्। बंगलादेशमा २२ प्रतिशतबाट हिन्दु आठ प्रतिशतमा झरेका छन्। ५० वर्षमा १४ प्रतिशत गायब ! यस हिसाबले आगामी २० वर्षमा त्यो पनि साफ हुनेछ। केको रोइ-कराइ ?

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

### सरकारको यो के पारा हो ?

प्रधानमन्त्री केपी ओली र कांग्रेस सभापति शेरबहादुर देउवाविरुद्ध नाराबाजी गरेको आरोपमा सरकारले दुई युवालाई पक्राउ गरेर यो देशमा वाक्-स्वतन्त्रता नभएको प्रमाणित गरेको छ। साथै, यो सरकारको अधिनायकवादी शैलीको प्रमाण पनि हो। जब बोल्नै पाइन्न, नेताहरूले गलत गर्दा पनि गलत गरे भन्न पाइन्न भने हिजो मरीमरी लोकतन्त्र ल्याउनुको अर्थ नै के भयो र ? त्यसैले यो सरकारले जे गऱ्यो, त्यो बिल्कुलै गलत गरेको छ।

● **वन्दना मण्डल**
महाबौद्ध, काठमाडौं

### ३० वर्षे सेवाहद किन नहटाउने ?

प्रहरीमा ३० वर्षे सेवाहद हटाउन सर्वोच्च अदालतले आदेश दिएपछि सरकार त्यसको विरोधमा उत्रिएको देखिँदै छ। सरकार ३० वर्षे सेवाहदको पासो थापेर प्रहरी संगठनलाई आफ्नो मुठीमा कस्न चाहन्छ। यसरी ३० वर्षमै दक्ष प्रहरी अधिकृतलाई घर फर्काउँदा तिनलाई तयार गर्न राज्यले गरेको ठुलो लगानीसमेत अर्थहीन हुने र देशले अब्बल र दक्ष प्रहरी अधिकृतसमेत नपाउने अवस्था सिर्जना हुन्छ। त्यसैले, ३० वर्षे उमेरहदको व्यवस्था तत्काल खारेज गरियोस्।

● **अमृत पासवान**
ग्वार्को, ललितपुर

### टुँडिखेलको होहल्लाको संकेत

नेपालका दुई ठुला दलका शीर्ष नेताले सोमबारको टुँडिखेलको घटना र बंगलादेशको आन्दोलनबाट धेरै कुरा सिक्नुपर्ने अवस्था आएको छ। ठुला नेता र दलले समय छँदै आफूहरूलाई नसच्याएमा कुनै पनि वेला नेपालमा बंगलादेशको जस्तो अवस्था आउन सक्छ भन्ने सन्देश र संकेत टुँडीखेल घटनाले दिएको छ। प्रधानमन्त्री केपी ओली, शेरबहादुर देउवाजस्ता शीर्ष नेताले दर्शकदीर्घाबाट आएको हुटिङले आफ्नो शुभकामना मन्तव्यसमेत पूरा गर्न सकेनन्।

चतुर ओली थोरै र संयमित बोलेर साइड लागे भने देउवाले उग्र रूप देखाए, जुन भिडको सोचविपरीत थियो। धन्न कम समयमै मञ्च छोडेकाले कुनै अप्रिय घटना भने भएन। तैपनि देशका प्रधानमन्त्री र अर्को ठुलो दलका शीर्ष नेता दुवैमाथि हुटिङ हुनुले आमजनता नेताहरूको काम गराइबाट सन्तुष्ट रहेनछन् भन्ने सन्देश भने गएको छ। यसलाई वेलैमा सुधार गर्न नसके देश कुनै पनि वेला बंगलादेश हुने संकेत भने मजाले दिएको छ। एउटै अनुहार सधैँ हेर्नुपर्ने, चारपटक, ६ पटकसम्म उही अनुहार प्रधानमन्त्री बनिरहने, नेताहरूको बहिर्गमन नीति लागू गर्न नखोज्ने, प्रणालीगत सुधारमा चासो नदिने, आपराधिक पृष्ठभूमिका मानिसलाई मन्त्री बनाएर जनतामाथि शासन गर्ने, देशको सम्पदा र स्रोतको दोहन गर्नेजस्ता अनेक कारणले यतिखेर नेपाली जनता कुनै पनि दलका शीर्ष नेताप्रति खुसी छैनन्। त्यसैले, सबैले समयमै यसतर्फ गम्भीरतापूर्वक मनन गरून्।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

---

# यौन हिंसा र प्रणालीगत सुधारको प्रश्न

## महिला सशक्तीकरणका लागि प्रणालीले विनेस फोगाटलगायत यौन उत्पीडनमा परेका पीडितको आवश्यकतालाई सम्बोधन गर्नुपर्छ



देश / विदेश

● मृणाल पाण्डे

बलात्कार सहमतिविना हिंसात्मक ढंगले हुने सम्भोग मात्रै होइन। बलात्कारलाई न एक पृथक् घटनाका रूपमा लिन सकिन्छ वा न नैतिक पतनमा सीमित गर्न सकिन्छ न त व्यक्तिगत सम्बन्ध खराब भयो भन्नेमै सीमित गर्न सकिन्छ। वास्तवमा बलात्कार घर, राजनीति र राज्यका संस्थामा महिला अधीनस्थ हुने प्रणालीगत सन्दर्भमा एक आतंककारी कृत्य हो। मिडिया रिपोर्ट, लेख-रचना, संसदीय बहस, र प्यानल छलफलमा देखिने न्यायिक तटस्थताबारे चिन्ताजनक अस्पष्टता छन्।

कोलकाताका एक न्यायाधीशले महिलालाई बलात्कार रोक्न आफ्नो यौन इच्छालाई नियन्त्रण गर्न सल्लाह दिएका थिए। त्यसैगरी, एक बाबाले आफ्नो सम्भावित बलात्कारीको पाउ समातेर 'भैया' भनेपछि सम्मान पाइने र बलात्कारबाट जोगिने बताए। एक वरिष्ठ राजनीतिज्ञले संरक्षकविना महिला-बालिकाले राति घरबाहिर निस्कन नहुने बताए। बलात्कारपछि मैनबत्ती प्रज्वलनमा भाग लिनेहरूले केटीको जीवन बर्बाद भएको भन्दै 'इज्जत' लुटिएका केटीसँग कसले विवाह गर्छ भन्ने प्रश्न गर्छन्। यी विरोधाभासी मनोवृत्तिले कानुनी प्रक्रियामा व्यापक ढिलाइ निम्त्याउँछ। एकपटक मुद्दा अदालत पुगेपछि वकिलले प्रायः बलात्कारको प्रकृतिमाथि प्रश्न उठाउँदै लामो समयसम्म मौजुदा अस्पष्टताको प्रयोग गर्छन्। यदि अपराधीले आपसी सहमति प्रमाणित गर्न सक्छ भने बलात्कार अपराध मानिँदैन। त्यसैगरी, महिनावारीजस्ता शारीरिक प्रक्रियाका कारण महिलालाई छुट्याउने सामाजिक विचारले पनि युवतीले केही धार्मिकस्थलमा प्रवेश पाउने कि नपाउनेजस्ता मुद्दामा हुने निर्णयलाई असर गर्छ। यो असंगत परिप्रेक्ष्य दुवै पुरुष र महिला अधिकारीमाझ देखिने गर्छ। उदाहरणका लागि एक महिला न्यायाधीशले मन्दिर प्रवेशमा लागू परम्परागत प्रतिबन्ध सामाजिक-धार्मिक पाबन्दीमा आधारित भएकाले संवैधानिक आधारमा यसलाई उल्ट्याउनुहुँदैन भन्ने तर्क गरेकी थिइन्।

मुख्य मुद्दा पुरुष र महिलाप्रतिको हाम्रो फरक दृष्टिकोण हो। यसले बेतुके बहस निम्त्याउँछ। उदाहरणका लागि बलात्कृत महिला वा बालिकालाई तिनको लिंगको कारणले फरक व्यवहार गर्नुपर्छ वा संविधानद्वारा लैंगिक विभेदबाट सुरक्षाको प्रत्याभूति पाउनुपर्ने नागरिकका रूपमा व्यवहार गरिनुपर्छ भन्ने बहसलाई लिन सकिन्छ। यस्तै, बहस निर्भया मामिलामा स्पष्ट भएको थियो, जहाँ एक नाबालिग अपराधीले वयस्क अपराधीझैँ मृत्युदण्ड पाउन सक्छ वा उसलाई परामर्श गरी सुधारगृहमा पठाइनुपर्छ भन्ने बहस चलेको थियो। हालैको एउटा घटनामा एक पुरुष र महिला दुवैलाई नाबालिग छँदा विवाह गरेको आरोपमा दोषी ठहराइएको थियो। जब कि फैसला आउँदा महिला २० वर्षकी थिइन् र प्रेमविवाह भएको पुष्टि भएको थियो। सार्वजनिक समर्थन प्राप्त गर्ने राजनीतिक रूपमा सम्बन्धित पुरुष अपराधीको रिहाइसँगै जोडिएर आउने लैंगिक विभेदले धेरै पीडित र साक्षीलाई भयग्रस्त बनाएको छ। यसले गम्भीर दुर्व्यवहारका घटनालाई कमजोर पारेको छ।

हरियाणामा राष्ट्रमण्डल खेलका स्वर्णपदक विजेता विनेस फोगाट र अन्य महिला पहलवानले भारतीय कुस्ती महासंघका पूर्वप्रमुख एवं सत्तारूढ दलका सांसद ब्रिजभूषण सिंहमाथि यौन दुर्व्यवहारको आरोप लगाए। सुरुमा प्रणालीले खेलाडीको आरोपलाई खारेज गरे र जब खेलाडी आफ्नो आरोपमा अडिग रहे तब अवस्था शत्रुतापूर्ण बन्यो। निर्भया बलात्कार मामिलामा पहिले अडान लिएका पार्टीका महिला पनि मौन रहे। स्वर्णपदक विजेता फोगाट र उनका साथी पहलवानले तब मात्र सार्वजनिक ध्यान आकर्षित गरे




चित्र : परिप्लव चक्रवर्ती

जब उनीहरूलाई पुलिसले घिसारेका तस्बिर सतहमा आए। राजनीतिज्ञले स्वतन्त्र खेलकुद निकायको नेतृत्व गर्नुहुन्छ वा हुँदैन भन्ने केन्द्रीय मुद्दालाई ओझेलमा पार्दै यसलाई राजनीतिक रंग दिइयो।

यस अवधिभर राजनीतिक सम्बन्ध भएका प्रमाणित बलात्कारीलाई प्रायः माफी दिइयो वा उदार 'प्यारोल' दिइयो। यसले उदार कानुनवाद मोटामोटी रूपमा पहुँच भएका पुरुष अभिजात वर्गको निर्माण हो जसले भारतले स्वतन्त्रता हासिल गरेदेखि नै नश्लभेद, जातिभेद र लिंगभेद कायम राखेको संकेत गर्छ। यिनले पुरुष प्रभुत्व कायम राखिराख्छन् र यसलाई अदृश्य एवं वैध दुवै बनाउँछन्। दिवंगत न्यायमूर्ति लीला सेठले 'टकिङ अफ जस्टिस'मा लेखेझैँ साँचो समानता बुझ्न हामीलाई हाम्रो ऐतिहासिक गल्तीका कारण चुनौतीपूर्ण बनाएको छ। अर्थात्, कुनै समय न्यायपूर्ण मानिने महिलाप्रतिको व्यवहार अहिले न्यायपूर्ण देखिँदैन।

कोलकाता र थानेमा भएका हालैका यौन हिंसाका घटनाले पीडित महिलालाई पीडकले कति सजिलै पछ्याउन र आक्रमण गर्न सक्छन् भनेर प्रकाश पार्छ। यसैबीच परम्परागत रूपमा पुरुषप्रधान सञ्जालले महिलाका लागि ५० प्रतिशत आरक्षण, धार्मिक क्षेत्रमा भ्रमण गर्ने महिलाको अधिकार, लैंगिक एवं यौनिक अल्पसंख्यक विवाहलाई सदर गर्ने, र वैवाहिक बलात्कारलाई अपराधीकरण गर्नेजस्ता मुद्दासँग संघर्ष गरिरहेको छ। तथापि, केही अनुकूल फैसलाले कानुनी र सामाजिक पर्खालमा रहेका दरारबाट महिलालाई सुन्ने गरिएको देखाउँछन्। यद्यपि, धेरै जोखिम र खतरा मौजुद नै छन्। वाक् स्वतन्त्रता संरक्षण गर्ने कानुनले प्रायः 'स्टकर' (पछ्याउने गतिविधिमा संलग्न) पुरुष र महिलालाई अनलाइन धम्की दिने 'ट्रोल'लाई जोगाइरहेको छ। गोपनीयता कानुनले अझै पनि वैवाहिक बलात्कारलाई बेवास्ता गर्दै विवाहभित्रको यौनसम्बन्ध सधैँ सहमति मान्छ। यसबाहेक बाल हिरासत कानुनले प्रायः उपल्लो हैसियत र सामाजिक स्थितिका कारण पुरुषलाई समर्थन गर्छ।

महिला सशक्तीकरणका लागि प्रणालीले विनेस फोगाटलगायतका यौन उत्पीडनमा परेका पीडितको आवश्यकतालाई सम्बोधन गर्नुपर्छ। मुद्दा फिर्ता लिने बलात्कारपीडित र राजनीतिक लाभका लागि कथित बाबाहरूलाई प्यारोलमा रिहा गर्नेमाथि गम्भीर अनुसन्धान गर्नुपर्छ। साँचो अर्थमा यौन हिंसाविरुद्ध लड्न हामीले मौजुदा दरारलाई टाल्दै कानुनमा सुधार ल्याउनुपर्छ।

*(पाण्डे लेखक एवं वरिष्ठ पत्रकार हुन्)*
*द वायरबाट*

# हसिनाको शासनमा बेपत्ता पारिएकाहरू खोज्न आयोग गठन



**ढाका**/ बंगलादेशका अपदस्थ प्रधानमन्त्री शेख हसिनाको शासनकालमा सुरक्षा फौजले बलपूर्वक बेपत्ता पारेका सयौँ घटनाका सम्बन्धमा अनुसन्धान सुरु गरिएको बुधबार बंगलादेश सरकारले जनाएको छ।

उच्च अदालतका अवकाशप्राप्त न्यायाधीश मोइनुल इस्लाम चौधरीको अध्यक्षतामा गठित पाँच सदस्यीय समितिले बोर्डर गार्ड बंगलादेश (बिजिबी) लगायत अर्धसैनिक बलका अन्य प्रहरी एकाइमाथि पनि अनुसन्धान गर्नेछ। संयुक्त राष्ट्रसंघीय मानव अधिकार कार्यालयले आरएबी र बिजिबी दुवैले 'बलपूर्वक बेपत्ता पारेको यातना र दुर्व्यवहारलगायत गम्भीर मानव अधिकार उल्लंघनका घटना घटाएको रेकर्ड' रहेको बताएको छ। नोबेल शान्ति पुरस्कार विजेता मोहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले काम सुरु गर्ने आदेश दिएको आयोगलाई प्रतिवेदन बुझाउन ४५ कार्यदिनको समय दिइएको छ। बलपूर्वक बेपत्ता पार्ने घटनामा कुख्यात र्‍यापिड एक्सन बटालियन (आरएबी) भनिने अर्धसैनिक बलको अत्यधिक संलग्नता छ।

आरएबीलाई संयुक्त राज्य अमेरिकाले गैरन्यायिक हत्या र बलपूर्वक बेपत्ता पार्ने भूमिकाका लागि प्रतिबन्ध नै लगाएको थियो। ह्युमन राइट्स वाचले सन् २००९ मा हसिना सत्तामा आएयता सुरक्षा फौजले '६०० भन्दा बढी बलपूर्वक बेपत्ता पारिएका' घटना रेकर्ड गरेको र करिब सयजनाको अवस्था अझै अज्ञात रहेको जानकारी दिएको छ।

पक्राउ पर्नेमा हसिनाको प्रतिद्वन्द्वी दल बंगलादेश नेसनलिस्ट पार्टी र देशको सबैभन्दा ठुलो इस्लामिक पार्टी 'जमात-ए-इस्लामी'का कार्यकर्ता धेरै रहेको विश्वास गरिन्छ। हसिनाको सरकारले लगातार यी आरोपको खण्डन गर्दै आएको छ। उसले बेपत्ता भएकामध्ये केही युरोप पुग्ने क्रममा भूमध्यसागरमा डुबेको दाबी गरेको छ। हप्तौँदेखि जारी विद्यार्थी आन्दोलनले १५ वर्ष लामो हसिनाको शासनको अन्त्य गरेपछि बेपत्ताहरूको विषयमा अनुसन्धानको बाटो खुलेको हो।

# ट्रम्पविरुद्ध अर्को अभियोग

**वासिंटन डिसी**/ अमेरिकी अभियोजनकर्ताले पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पविरुद्ध नयाँ संशोधित अभियोग लगाएका छन्, जसमा उनलाई सन् २०२० को चुनाव हारिसकेपछि चुनावी परिणाममा हस्तक्षेप गर्ने प्रयास गरेको आरोप लगाइएको छ। यस मुद्दालाई अमेरिकी सर्वोच्च अदालतले यसअघि राष्ट्रपति रहँदा गरेका कामका लागि पूर्वराष्ट्रपतिहरूलाई आपराधिक सुनुवाइ नहुने फैसलाको परीक्षण गर्ने प्रयास गरेको बिबिसीले जनाएको छ। उक्त सुनुवाइका कारण यो मुद्दामा सुनुवाइ हुनेमा शंका छाएको छ।

ट्रम्पले यसअघिका आरोपमा आफू निर्दोष रहेको दाबी गरेका छन्। त्यसबाहेक नोभेम्बर ५ को चुनावअघि यस मुद्दा अदालत पुग्ने सम्भावनासमेत नरहेको बताइन्छ। डिपार्टमेन्ट अफ जस्टिसका विशेष अभियोजक ज्याक स्मिथले ल्याएको यो अभियोगमा ट्रम्पविरुद्ध अमेरिलाई ठग्ने षड्यन्त्र गरेको, सरकारी काम रोग्ने षड्यन्त्रमा सहभागी भएको, सरकारी काम रोक्ने प्रयास र अधिकारविरुद्धको षड्यन्त्र गरेकोलगायत चार अभियोग लगाएका छन्।

## इतिहासमा आज अगस्ट २९

NETFLIX

**सन् १९९७** : मार्क र्‍यान्डोल्फ र रिड हास्टिङ्सले क्यालिफोर्निया राज्यको स्कट भ्यालीमा अनलाइनमार्फत डिभिडी भाडामा दिने सेवाका रूपमा नेटफ्लिक्सको स्थापना गरे। हाल यो सेवा विस्तार भएर विश्वकै ठुलो स्ट्रिमिङ सेवा बनेको छ।

**सन् ७०८** : जापानले विश्वको पहिलो चाँदीको सिक्का निष्कासन गर्‍यो।

**सन् १८२५** : ब्राजिलले पोर्चुगलबाट औपचारिक रूपमा स्वतन्त्रता हासिल गर्‍यो।

**सन् १८३१** : माइकल फाराडेले पहिलो विद्युतीय ट्रान्सफर्मरको प्रदर्शन गरे।

**सन् १८४२** : बेलायत र चीनबीच भएको 'नान्किङ सम्झौता'ले तीन वर्षदेखि चलिरहेको पहिलो अफिम युद्ध अन्त्य गर्‍यो। चीनका लागि अत्यन्त अपमानजनक उक्त सम्झौताअनुरूप चीनले आफ्नो टापु हङकङ बेलायतलाई हस्तान्तरण गर्नुपर्‍यो, जुन टापु सन् १९९७ मा मात्र चीनले फिर्ता पायो।

**सन् १९४७** : बीआर अम्बेडकर भारतको संविधानसभाअन्तगृत गठित संविधान मस्यौदा निर्माण समितिको अध्यक्ष चुनिए।

**सन् १९५३** : सोभियत संघले पहिलोपटक हाइड्रोन बम परीक्षण गर्‍यो।

**सन् १९८६** : मोरक्कोको राजा हसन द्वितीयले लिबियासँग एकता सम्झौतामा हस्ताक्षर गरे। तथापि यो सहमति दुई वर्ष पनि टिकेन।


**बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.**
शंखधरचोक, मध्यपुर थिमि-४, भक्तपुर,फोन नं.: ९७७-०१-५०२३३२३, ५०२३४५५
ईमेल : basic@mail.com.np, वेबसाइट: www.balkumarisaccos.com

**त्रुटि सच्याईएको सूचना**

प्रस्तुत विषयमा मिति २०८१/०५/१२ गते नयाँ पत्रिका दैनिकको पृष्ठ २ मा प्रकाशित भएको यस संस्थामा धितो सुरक्षणमा रहेको अचल सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धी ३५ (पैतिस) दिने सूचनामा प्रकाशित मिति २०८१/०५/१२ गते हुनु पर्नेमा अन्यथा भएकोले त्रुटि सच्याइएको सूचना प्रकाशित गरिएको छ। – व्यवस्थापक

**झरना बचत तथा ऋण सहकारी संस्था लि.**
सातदोबाटो-१५, ललितपुर।

**१४ औं बार्षिक साधारण सभा सम्बन्धी सूचना**

उपरोक्त विषय सम्बन्धमा हाम्रो यस सहकारी संस्थाको १४ औं वार्षिक साधारण सभा तपशिलमा उल्लेखित अनुसार हुने जानकारी गराईन्छ। साथै अन्य जानकारीको लागि संस्थामा सम्पर्क गर्नुहोला।

कार्यक्रम हुने मिति: २०८१/०६/१९ गते शनिबार
स्थान: संस्थाको कार्यालय, समय: विहान १०:०० बजे

फोन नं.: ०१-५५३८९४७, ५४५२६०९
Email: jharanasaving_coopltd@yahoo.com

**भर्ना सम्वन्धी अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मिति २०८१।०५।१३)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८१।०३।१५ गते प्रकाशित सूचना अनुसार मिति २०८१।०४।१९ गते संचालित पुर्ण शुल्कीय फार्मेसी कार्यक्रमको प्रवेश परीक्षामा सम्मिलित भई बागमती प्रदेश कार्यालयले मुख्य उम्मेदवारका रुपमा छनौट गरी भर्ना सिफारिश भएका परीक्षार्थीहरु मध्ये डिप्लोमा ईन फार्मेसी कार्यक्रममा परीक्षार्थीहरु भर्ना हुन नआई सिट रिक्त रहेको हुँदा उक्त सम्वन्धित कार्यक्रमको उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुले पहिलो प्राथमिकता पाउने गरी देशभरीका स्वास्थ्य तर्फको उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ५ दिन भित्रमा यस शिक्षालयमा रितपुर्वकको निवेदन दिनु हुन अनुरोध छ। साथै उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुबाट डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति बितरण तथा भर्ना सम्वन्धी निर्देशिका, २०८१ को दफा २४ बमोजिम छनौट गरी भर्ना गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

| कार्यक्रम | रिक्त बर्ग/कोटा | रिक्त सिट संख्या |
|---|---|---|
| डिप्लोमा ईन फार्मेसी | खुल्ला कोटा | १ |

**लिटिल बुद्ध प्राविधिक शिक्षालय**
**मिनभवन काठमाण्डौ**
**फोन नं. ०१–४७९४४५८ /४७९४४५९**

**सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको गैर बैंकिङ्ग सम्पत्ति बिक्री गर्नका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सूचना**

प्रकाशित मिति: २०८१/०५/१३

यस बैंकको नाममा गैर बैंकिङ्ग सम्पत्तिका रुपमा दर्ता रहेको तपसिल बमोजिमका सम्पत्तिहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत् बिक्री गरिन लागिएको हुँदा इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले सात (७) दिन भित्र यस बैंकको प्रधान कार्यालय नारायणहिटी पथ, दरवारमार्ग काठमाडौंमा शिलबन्दी बोलपत्र पेश गर्नहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। उक्त बोलपत्र यो सूचना प्रकाशित भएको आठ (८) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटी पथ, दरवारमार्ग, काठमाडौंमा दिनको ४:०० बजे खोलिनेछ। बोलपत्र बुझाउने अन्तिम दिन वा खोल्ने दिन बिदा पर्न गएमा वा काबुभन्दा बाहिरको परिस्थिति परेमा सोको भोलि पल्ट वा बैंक खुलेको दिनलाई सम्झनु पर्नेछ।

**बैंकको नाममा रहेको गैर बैंकिङ्ग सम्पत्तिहरुको विवरण :**

१. काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं./नक्सा सिट १६/१०२१०२४१८ स्थित कि.नं. ६० को क्षे.फ. ०-८-१-३ (रोपनी) भएको जग्गा तथा सो जग्गामा भएका सम्पूर्ण लिगलगापात समेत।
२. पर्सा जिल्ला, मनियारी गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ७ स्थित कि.नं. ९ र १० को क्रमश: क्षे.फ. ०-५-०-० र ०-३-०-० (बिगाहा) र ऐ. जिल्ला ऐ. गा.वि.स./न.पा. वडा नं./नक्सा सिट ७/७क स्थित कि.नं. ४५९ को क्षे.फ. ०-२-१४-० (बिगाहा) भएका जग्गाहरु तथा सो जग्गामा निर्माण भएका घर तथा सम्पूर्ण लिगलगापात समेत।

**शिलबन्दी सम्बन्धि शर्त बन्देजहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफुले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. प्राप्त गोप्य शिलबन्दी पेश गर्नेहरुमध्ये सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्ति/संस्था लाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. गोप्य शिलबन्दी मार्फत गैर बैंकिङ्ग सम्पत्ति सकार गर्ने व्यक्ति/संस्था ले बाँकी रकम बैंकले रकम भुक्तानी गर्न माग गरेको मितिले ७ दिन भित्र सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ।
४. गैर बैंकिङ्ग सम्पत्तिका रुपमा रहेको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. गोप्य शिलबन्दी खोल्न तोकिएको दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी खोलिनेछ।
६. उक्त गैर बैंकिङ्ग सम्पत्तिहरु दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
७. बिक्री हुने गैर बैंकिङ्ग सम्पत्तिहरुसँग सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को प्रधान कार्यालय, नारायणहिटी पथ, दरवारमार्ग काठमाडौंमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**गोप्य शिलबन्दी खोल्ने मिति : २०८१/०५/२० गते, बिहिबार।**
**समय : दिउँसो ४:०० बजे।**
**स्थान : सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय, नारायणहिटी पथ, दरवारमार्ग काठमाडौं।**

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

**Chulachuli Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Chulachuli, Ilam**
**Koshi Province**

**Invitation for Online Bids**

**Date of Publication : 29 Aug 2024 (2081/05/13)**

1. Chulachuli Rural Municipality, Office of the Rural Municipal Executive, Chulachuli, Ilam invites online Bids under e-procurement system from eligible bidder for the procurement of following works:

| S.N | Contract Identification Number | Description and Location of Works | Estimated amount without vat and P.S | Bid Security Amount (Nrs) | Cost of Bidding Documents (NRS) | Remarks | Account for Bid purchase |
|---|---|---|---|---|---|---|---|
| 1 | 01/Chulachuli/ 081/82 | Construction of Shree janata secondary school building, chulachuli-2, Ilam | 10749467.76 | 2,69,000 | 3000 | NCB | Ga.1.1 Ga-1.1 Rajaswa (Revenue) khata Acc No: 1030060744200030 |
| 2 | 02/Chulachuli/ 081/82 | Upgradation of Kirat Gate Manghim Marga upto Madan Bhandari Highway Road Chulachuli-4 Ilam | N.A | 6,11,000 | 5000 | NCB | |

2. For further detail bidders are requested to visit the notice board of Chulachuli Rural Municipality or PPMO's website https://bolpatra.gov.np/egp.

**Chief Administrative Officer**
**Chulachuli Rural Municipality**

**Kalika Municipality**
**Office of Municipal Executive**
**Redcrossgram, Chitwan**
**Bagmati Province**

**INVITATION FOR SEALED QUOTATION BIDS**

**Contract Identification No: 01/Goods/SQ/KM/081/082**
**First date of publication: - 2081/05/13 (29th August, 2024)**

1. Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan invites electronic sealed quotation bids from eligible bidders for Supply of following Goods in the table below.

| S.N. | Contract No. | Description of Work | Bid Validity/Bid Bond Validity Period | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | 01/Goods/SQ/ KM/081/082 | Supply and Delivery of Medicine and Medical Items | 75 days from the day of bid opening | 60,000/- | 1,000.00 |

**Account details for purchasing bidding document and bid security deposit**
Name of the Bank: Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.
Name of Office: Kalika Municipality, Office of Municipal Executive, Chitwan.
Office Account no.:11304010000013 (For Purchase Bidding Document),
A/C Name: Rajaswa (Revene) Account, राजस्व शिर्षक नं: १४२१९
Office Account no.:11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata
**Last Date of Bids Submission Date: Before 12 PM on 2081-05- 30 (15th September, 2024)**
**Bids Opening Date: At 13:00 PM on 2081-05- 30 (15th September, 2024)**
**Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.**

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan during office hours or may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp**.

**Chief Administrative Officer**

**मेलम्ची नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**आन्तरिक आय तर्फको बोलपत्र आव्हान सम्बन्धी सूचना**

**पाँचौं पटक प्रकाशित मिति २०८१/०५/१३**

स्थानीय सरकार संचालन ऐन, २०७४, को दफा ६२ क. प्रदेश आर्थिक ऐन, २०८१ को दफा ९ को उपदफा (१) तथा मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा १३ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदीको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी मेलम्ची नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी आ.व. २०८१/०८२ मा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानूनी प्रक्रिया पूरा गरेका योग्य ईच्छुक फर्म वा कम्पनीहरुले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र न्यूनतम मूल्यमा नघट्ने गरी PPMO को वेबसाइट http://www.bolpatra.gov.np बाट Bid Document Download गरी १६ (औं) दिन दिनको १२:०० बजे भित्र E-bidding मार्फत बोलपत्र पेश गर्नुहुन अनुरोध छ। अन्य थप जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

**ठेक्का विवरण**

| क्र. सं. | बोलपत्र नं. | ठेक्काको विवरण | आ.व. ०८१/८२ को लागि निर्धारण गरिएको उत्खनन्/बिक्री परिमाण (घ.फि. ) | प्रति घ.फि. रु. ७ का दरले न्यूनतम बोलपत्र रकम रु. (मू.अ.कर सहित) | धरौटी रकम रु. | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | MMSI/ 2081-82/01 | ईन्द्रावती नदी तर्फ मेलम्ची नगरपालिका क्षेत्रको ढाँडखोला देखि माथि मेलम्ची न.पा. को सिमाना खाल्डे खोलासम्म र मेलम्ची नदी तर्फ तालामाराङसम्मको IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक)। | ३२५९५८७०.२१ (तीन करोड पच्चिस लाख पन्चानब्बे हजार आठ सय सत्तरी दशमलव एक्काइस ) | २५,७८,३३,३३३।३६ (अक्षरुपी पच्चिस करोड अठहत्तर लाख तेत्तीस हजार तीन सय तेत्तीस रुपैयाँ पैसा छत्तिस मात्र ) | कूल कबोल अंङ्कको ५% ले हुन आउने धरौटी रकम वा १५० दिन म्याद भएको बैंक जमानत (मू.अ.कर सहित) | २०,०००।- |

**थप जानकारी**
- धरौटी खाता नेपाल बैंक लि. मेलम्ची स्थित बैंक खाता नं. १६८०३०००००३०००००००००१
- आन्तरिक राजस्व खाता नेपाल बैंक लि. मेलम्ची स्थित आन्तरिक राजस्व खाता नं. १६८०३००००००१००१००००००१ (राजस्व शिर्षक : अन्य प्रशासनिक सेवा शुल्क १४२२९)
- ठेक्का सम्बन्धी पूर्ण सूचना तथा शर्तहरु मेलम्ची नगरपालिकाको वेवसाइट www.melamchimun.gov.np र PPMO को वेवसाइट http://www.bolpatra.gov.np बाट Download गर्न सक्नु हुनेछ।

# दसैँका कपडा बोकेका कन्टेनर खासामै अड्किए

## चाँडो कन्टेनर छुटाउन नसके काठमाडौँसहित प्रमुख सहरमा दसैँका लागि नयाँ कपडा पाउन मुस्किल हुने व्यवसायीको दाबी




नेपालका लागि लत्ताकपडा र फलफूल बोकेका चिनियाँ कन्टेनर खासा सडकमा अलपत्र अवस्थामा

■ नयाँ कपडा लिएर आएका ८० कन्टेनर र स्याउसहितका फलफूल बोकेका २३ कन्टेनर १४ दिनदेखि खासा र न्यालमका सडकमा अलपत्र

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

दसैँका लागि लत्ताकपडा र फलफूल बोकेर नेपालतर्फ आएका चिनियाँ कन्टेनर न्यालम र खासाको बिच बाटोमा अड्किएका छन् । कन्टेनर १४ दिनदेखि न्यालममा रोकिएका हुन् ।

मुसा, सिल्क, राखेमालगायत ट्रान्सपोर्ट कम्पनीले ढुवानी गरेका एक सय तीन गाडी चिनियाँ कन्टेनर सामान बिच बाटोमा अड्किएको तातोपानी भन्सारले जानकारी दिएको छ । करिब ८० कन्टेनर सामान सबै दसैँका रेडिमेड सामग्री हुन् । दसैँको मुखमा सामान अड्किएको सुनेका तातोपानी भन्सारका प्रमुख भन्सार अधिकृत दयानन्द केसीले आउँदो बिहीबार खासा र न्यालमको स्थलगत निरीक्षण गर्नेछन् ।

'खासा पुनर्निर्माण र अन्य विविध कारणले कन्टेनर अड्किएको सुनेको छु,' केसीले भने, 'तथ्य केलाउन म आफैँ न्यालम जान्छु ।' नेपाल र चीनको भन्सारबीच खासामा बैठक हुन लागेको पनि उनले जानकारी दिए । १४ दिनदेखि न्यालममा अड्किएका चिनियाँ फलफूल कुहिनलागेको छ । लगभग २३ गाडी स्याउ रहेका छन् । चिनियाँ एक कन्टेनरबराबर नेपाली तीन कन्टेनर हुन्छ । स्याउ बोकेका कतिपय टेलर लामोलामो भएकाले खासासम्म आउन सकेका छैनन् ।

नेपाल हिमालय सीमापार वाणिज्य संघका सचिव आङ्दोर्जे शेर्पाले खासा पुनर्निर्माणअन्तर्गत बिच भागमा सुरुङ निर्माण जारी रहेकाले टेलर रोकिएको बताए । १४ दिनदेखि न्यालममा रहेका गाडीले पार्किङ भाडा दैनिक एक हजार चिनियाँ युयान तिर्नुपर्छ । 'चिनियाँ गाडी तातोपानी आउन जति ढिला भयो सामानको मूल्य त्यति नै बढी पर्नजान्छ । पार्किङ भाडा, खानाखाजा र ढिला हुँदा तिर्नुपर्ने बैंकको ब्याज सबै जोडिँदा नेपाली उपभोक्तालाई महँगो पर्नजान्छ,' शेर्पाले भने । दसैँको समयमा धेरै सामान आउने र गाडी क्युमा बस्नु स्वाभाविक भएको मुसा ट्रान्सपोर्टका नेपाली पक्ष नमस्ते ट्रान्सपोर्टका प्रमुख लोप्साङ शेर्पाले बताए ।

यद्यपि, भूकम्पपछिको खासा पुनर्निर्माण मात्रैले कन्टेनर रोकिएका छैनन् । चिनियाँ भन्सारले सामान पठाउन ढिलाइ गरेकाले कन्टेनर बिचबाटोमा रोकिएका हुन् । त्यसैगरी न्यालम र खासाको बिचमा सुरुङ निर्माण जारी रहेकाले कन्टेनर अड्किएका छन् ।




■ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्ययोजना

# उपभोक्ताको संरक्षण, व्यवसाय प्रोत्साहन

## औद्योगिक वातावरण बनाउन कार्ययोजना



● दामोदर भण्डारी
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री

"सरकारले उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रमा विद्यमान समस्या तथा चुनौतीलाई सम्बोधन गर्दै सेवा प्रवाहलाई सरलीकरण गर्नेदेखि औद्योगिक सम्बन्ध सुमधुर बनाउने, उत्पादन वृद्धि गर्ने, निर्यात प्रवर्द्धन, व्यापार घाटा न्यूनीकरण, औद्योगिक तथा व्यापारिक पूर्वाधारको निर्माण, उपभोक्ता हित संरक्षण र आपूर्ति व्यवस्था दुरुस्त बनाउनेसम्मका कार्ययोजना अघि बढाएको छ । यसै सन्दर्भमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र मातहतका निकायबाट प्रवाह हुने सेवालाई समेत समेट्दै समृद्ध नेपाल सुखी नेपालीको लक्ष्य प्राप्तिमा महत्त्वपूर्ण योगदान पुऱ्याउन यो कार्ययोजनाको तयार गरिएको छ । कार्ययोजना सरोकारवालाका सुझावसमेत समेटिएका छन् ।

यो कार्ययोजना कार्यान्वयनबाट लगानीमैत्री नीति तथा कानुन तर्जुमा, उत्पादन तथा उत्पादकत्य वृद्धि, व्यावसायिक वातावरणमा सुधार, थप लगानी आकर्षण र थप रोजगारी सिर्जना हुनेछ । त्यस्तै, पुँजीगत खर्च वृद्धि, सेवा प्रवाहमा सुधार, व्यापार लागत न्यूनीकरण, व्यापारघाटा न्यूनीकरण, उपभोक्ता हित संरक्षण र आपूर्ति शृंखला व्यवस्थित भई समग्र उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रको सुदृढीकरण हुने अपेक्षा लिइएको छ ।

**नवीन अर्याल** / नयाँ पत्रिका

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले तीन महिनादेखि एक वर्षसम्म गर्ने कामसहित सुधारका कार्ययोजना सार्वजनिक गरेको छ ।

उद्योगमन्त्री दामोदर भण्डारीले कार्ययोजनाको कार्यान्वयनबाट लगानीमैत्री नीति निर्माण, उत्पादन तथा उत्पादकत्वमा वृद्धि, व्यावसायिक वातावरण सिर्जना, थप लगानी तथा रोजगारी आकर्षित, पुँजीगत खर्चमा वृद्धि, सेवा प्रवाहमा सुधार, व्यापार लागत न्यूनीकरण, उपभोक्तामैत्री आपूर्ती शृंखला, बजार मूल्यमा हस्तक्षेपलगायतका उपलब्धि हासिल गरेको जनाएका छन् ।

मन्त्रालयले उद्योग, वाणिज्य र आपूर्ति तीनवटै क्षेत्रको छुट्टाछुट्टै सुधारका कार्ययोजना बनाएको छ ।

उद्योगतर्फ औद्योगिक तथा लगानी प्रवर्द्धनसम्बन्धी एक दर्जनभन्दा बढी नीतिको मस्यौदा तयार गरी मन्त्रिपरिषद्मा पेस गर्ने लक्ष्य लिइएको छ, जसको तीन महिनादेखि एक वर्षसम्मको समयसीमा तोकिएको छ ।

द्विपक्षीय लगानी सम्झौता (बिआए) को स्वीकृत फ्रेमवर्कअनुसार विभिन्न मुलुकसँग सम्झौता गरी कार्यान्वयन गर्ने, तीन महिनाभित्र दमक औद्योगिक क्षेत्रलाई सार्वजनिक निजी साझेदारी (पिपिपी) मोडेलमा निर्माण तथा सञ्चालन गर्न लिज प्रक्रिया सम्पन्न गर्ने लक्ष्य छ । विभिन्न ठाउँमा निर्माण गर्ने भनिएका औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्रहरूलाई अगाडि बढाउने पनि कार्ययोजनमा उल्लेख छ ।

त्यस्तै वाणिज्यतर्फ भारत र चीनसँगको वाणिज्य तथा पारवहन सन्धिलाई पुनरावलोकन गर्ने तथा बंगलादेश र भुटानसँग एक वर्षभित्रै व्यापार सम्झौता गर्ने विषयलाई प्राथमिकतामा राखिएको छ । क्षेत्रीय व्यापार संगठन साफ्टा र बिमस्टेकलगायतले पारेको प्रभाव र पार्न सक्ने प्रभावका बारेमा अध्ययन गरिने भएको हो । साफ्टाबाट नेपालको अर्थतन्त्रमा परेको प्रभावसम्बन्धी अध्ययन एक वर्षभित्र गर्ने उद्योगमन्त्रीको कार्ययोजनमा उल्लेख छ । त्यस्तै, बिमस्टेक स्वतन्त्र व्यापार फ्रेमवर्क सम्झौताबाट पर्ने प्रभावसम्बन्धी अध्ययनसमेत एक वर्षभित्रै गर्ने उल्लेख छ ।

आपूर्ति नीति, ०८१ लाई तीन महिना मन्त्रिपरिषद्मा पेस गर्ने र पेट्रोलियम पूर्वाधार निर्माणलाई प्राथमिकता दिने गरी आपूर्ति क्षेत्रका कार्ययोजना तयार गरिएको छ ।




पेट्रोलमा इथानोल मिसाउने कार्यविधि स्वीकृति गरी कार्यान्वयनमा ल्याउने, एलपी ग्यासको मूल्य दुई थरी गर्ने, विगतमा जस्तै चाडपर्वलक्षित सुपथ मूल्य पसल सञ्चालन गर्ने, उपभोक्ता अदालत गठनका लागि सहजीकरण तथा बजेट निकासा, एक वर्षमा चार हजार २० पटक बजार अनुगमन गरी उपभोक्ता अधिकार संरक्षणका क्षेत्रमा काम गर्ने कार्ययोजनामा उल्लेख छ ।

हाल अनुदानमा खाद्यान्न तथा नुन ढुवानी भइरहेका जिल्लामा यातायातको सुविधा पुगेको र खुला बजारबाट समेत आपूर्ति भइरहेकाले ढुवानी अनुदानसम्बन्धी व्यवस्था पुनरावलोकन गरिने भएको छ ।

मन्त्रालयले अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन सुधारका क्षेत्र पहिचान गरी क्रियाकलापसहितको कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको जनाएको छ । योजना कार्यान्वयन गर्न अनुगमन तथा मूल्यांकन र आवधिक प्रतिवेदन बनाउने उल्लेख छ ।

### दर्जनभन्दा बढी औद्योगिक कानुन तयार गर्ने

● **निजी क्षेत्रका रुग्ण उद्योगलाई सुविधा दिने गरी प्रस्ताव गरिने**

उद्योग मन्त्रालयले औद्योगिक तथा लगानी प्रवर्द्धनसम्बन्धी एक दर्जनभन्दा बढी नीति तथा कानुन, मापदण्ड र कार्यविधिको मस्यौदा तयार गरी मन्त्रिपरिषद्मा पेस गर्ने भएको छ, जसको तीन महिनादेखि एक वर्षसम्मको समयसीमा तोकिएको छ । एक वर्षभित्र निजी क्षेत्रमा रुग्ण रहेका उद्योगहरूलाई रुग्ण घोषणा गरी सुविधा दिने प्रयोजनका लागि अध्ययन कार्यदल गठन गर्न मन्त्रिपरिषद्मा प्रस्ताव पेस गरिने भएको छ । बन्द र रुग्ण सार्वजनिक संस्थान सञ्चालन मोडालिटी तय गर्ने, पाँच सय युवा उद्यमीलाई स्टार्टअप कर्जा प्रवाह गर्ने, सातै प्रदेशमा बिजनेस इंकुवेसन सेन्टर सञ्चालन गर्ने, धौवादी फलाम खानीको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने, एक वर्षमा चुनढुंगा, फलाम, तामालगायत ६ खनिज क्षेत्रको उत्खननका लागि अनुमति दिनेलगायतका विषय कार्ययोजनामा समेटिएको छ ।

### बंगलादेश र भुटानसँग एक वर्षभित्रै व्यापार सम्झौता

● **एक वर्षभित्रै तीन देशसँगको निर्यात प्रवर्द्धन रणनीति बनाउने**

सरकारले छिमेकी देश तथा ठूला व्यापार साझेदार भारत र चीनसँगको वाणिज्य तथा पारवहन सन्धिलाई पुनरावलोकन गर्ने तथा बंगलादेश र भुटानसँग व्यापार सम्झौता गर्ने कार्ययोजना अघि सारेको छ ।

मन्त्रालयले क्षेत्रीय व्यापार संगठनअन्तर्गत भएका सम्झौताको प्रभाव अध्ययन गर्ने भएको छ । खासगरी साफ्टा र बिमस्टेक सम्झौता, त्यसले पारेको प्रभाव र पार्न सक्ने प्रभावका बारेमा अध्ययन गरिने भएको हो । साफ्टाबाट नेपालको अर्थतन्त्रमा परेको प्रभावसम्बन्धी अध्ययन एक वर्षभित्र गर्ने उद्योगमन्त्रीको कार्ययोजनामा उल्लेख छ । त्यस्तै, बिमस्टेक स्वतन्त्र व्यापार फ्रेमवर्क सम्झौताबाट पर्ने प्रभावसम्बन्धी अध्ययनसमेत एक वर्षभित्रै गर्ने उल्लेख छ ।

निर्यात प्रवर्द्धनका लागि देशगत रणनीति तय गर्नेसमेत योजना बनाइएको छ । एक वर्षभित्रै कम्तीमा तीन देशसँगको निर्यात प्रवर्द्धनसम्बन्धी देशगत रणनीति तयार गर्ने कार्ययोजनामा उल्लेख गरेका छ ।

### भारतीय अनुदानमा पेट्रोलियम पूर्वाधार निर्माण सुरु गर्ने

● **सिलिगुडी–झापा र अमलेखगन्ज–लोथर पाइपलाइन निर्माण**

उपभोक्ताको अधिकार सुनिश्चित गर्न आपूर्ति नीति, ०८१ स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गर्नेदेखि भारतीय अनुदानमा तीन ठूला परियोजनाको निर्माण सुरु गर्ने कार्ययोजना बनाइएको छ । उपभोक्ता अदालत गठन गरी मूल्यवृद्धि, कार्टेलिङ र सिन्डिकेटको पीडामा परेका उपभोक्तालाई न्यायका लागि सहज बनाउने योजना राखिएको छ । वर्षभरि चार हजारभन्दा बढी फर्ममा अनुगमन गरी स्वच्छ र प्रतिस्पर्धी बजार निर्माण गर्न योगदान गर्ने लक्ष्य राखिएको छ ।

भारतीय अनुदानमा बन्ने पेट्रोलियम पूर्वाधारका लागि जिटुजी गर्न संयुक्त कार्यदलको पाँचौं बैठक बस्ने र सिलगुडी-झापा ५० किलोमिटर र अमलेखगन्ज-लोथर ६२ किलोमिटर पाइपलाइनको निर्माण सुरु गर्ने लक्ष्य राखिएको छ । त्यस्तै, पेट्रोल मात्रै आयात भइरहेको पाइपलाई डिजेल र मट्टितेलसमेत आयात गर्ने, सर्लाहीमा एलपी ग्यास पाइपलाइन तथा भण्डारण निर्माण गर्न डिपिआर सम्पन्न गर्ने विषय कार्ययोजनामा समेटिएको छ ।

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
Co-financing Water Supply and Sanitation Project
Project Management Office
Panipokhari, Kathmandu

**Notice for Shortlisted Consulting Firms**

**Date of Publication: 2081/05/13**

It is notified that the following consulting firms are shortlisted among consulting firms who have submitted their Expressions of Interest (EOI) as per the notice of EOI for the following packages under NCB procedures specified in Public Procurement Act and Regulations through e-GP system: www.bolpatra.gov.np/egp by publication of public notice on 16 Ashar, 2081 in "Himalaya Times" National Daily newspaper. This notice is as per Clause No.70(10) of Public Procurement Regulation,2064.

**Package-3:**CFWSSP/CS/DPR/03/2080-81 (Survey, Estimate and Preparation of Detailed Engineering Design Report of Gaidakot, Bardibas, Saradpur, Ribdikot and Budhabare CFWSSP) **List of 7 (seven) shortlisted consulting firms:-**

| | | |
|---|---|---|
| 1 | Civil Tech - Geo Grid JV | Lead: Civil Tech Pvt. Ltd.<br>Sub: Geo Grid Consultant Pvt. Ltd |
| 2 | GEA-SES-OJHA JV | Lead: Global Engineering Associates (P.) Ltd.<br>Sub: Space Engineering Service Pvt. Ltd.<br>Sub: Ojha Engineering Services Pvt. Ltd. |
| 3 | Integrated Development & Research Services (P.) Ltd. | Lead: Integrated Development & Research Services (P.) Ltd. |
| 4 | ITECO Nepal (P) Ltd | Lead: ITECO Nepal (P) Ltd |
| 5 | Paragon-Ecocode-FBC | Lead: Paragon Engineering Consultancy and Research Centre Pvt. Ltd<br>Sub: ENGINEERING CONSULTANCY FOR CONSTRUCTIVE DEVELOPMENT EFFORTS IN NEPAL PVT.LTD<br>Sub: FULL BRIGHT CONSULTANCY (Pvt.) Ltd |
| 6 | TAEC - COEMANCO - GES JV | Lead: TAEC Consult P. Ltd.<br>Sub: COEMANCO-Nepal (P) Ltd.<br>Sub: Gaumukhi Engineering Services Pvt. Ltd |
| 7 | UDAYA-GOEC NEPAL-MALLA JV | Lead: Udaya Consultancy (P.) Ltd.<br>Sub: GOEC Nepal Private Limited<br>Sub: Malla and Group Engineering Associates (P) Ltd |

**Package-4:**CFWSSP/CS/DPR/04/2080-81 (Survey, Estimate and Preparation of Detailed Engineering Design Report of Tinthana, Majthana Kalika Begnas Hansapur Brihat, Banglachuli, Tarkeshwar and Bhaluhi CFWSSP).**List of 7 (seven) shortlisted consulting firms:-**

| | | |
|---|---|---|
| 1 | Civil Tech - Geo Grid JV | Lead: Civil Tech Pvt. Ltd.<br>Sub: Geo Grid Consultant Pvt. Ltd |
| 2 | ECEP-NEC-CLEC JV | Lead: Executive Consulting Engineering and Planner<br>Sub: Netreshwori Engineering Consultancy<br>Sub: Civil Link Engineering Consultant |
| 3 | ERMC-SLATE-MADI JV | Lead: Environment and Resource Management Consultant (P.) Ltd.<br>Sub: Slate Consultants Private Limited<br>Sub: MADI CONSULTANCY PVT. LTD |
| 4 | GEA-SES-OJHA JV | Lead: Global Engineering Associates (P.) Ltd.<br>Sub: Space Engineering Service Pvt. Ltd.<br>Sub: Ojha Engineering Services Pvt. Ltd |
| 5 | Integrated Development & Research Services (P.) Ltd. | Lead: Integrated Development & Research Services (P.) Ltd. |
| 6 | ITECO Nepal (P) Ltd. | Lead: ITECO Nepal (P) Ltd. |
| 7. | Paragon-Ecocode-FBC JV | Lead: Paragon Engineering Consultancy and Research Centre Pvt. Ltd<br>Sub: ENGINEERING CONSULTANCY FOR CONSTRUCTIVE DEVELOPMENT EFFORTS IN NEPAL PVT.LTD<br>Sub: FULL BRIGHT CONSULTANCY (Pvt.) Ltd |

**Project Director**

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

**धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | |
|---|---|---|
| १) | **१) ऋणी कम्पनी: इरो कन्स्ट्रक्सन प्रा.लि.,** अध्यक्ष तथा जमानीकर्ता: शेखर बैद्य<br>दर्ता नं.: तत्कालीन श्री ५ को सरकार हाल नेपाल सरकार उद्योग मन्त्रालय, उद्योग विभागमा, प्रा.लि.नं. १८६६/०४१, दर्ता मिति: २०४१/०५/०७, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. १०, नयाँ बानेश्वर | |
| | **२) ऋणी: शेखर वैद्य**<br>ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १०, नयाँ बानेश्वर,बाबु: ईन्द्र नारायण बैद्य, बाजे: लक्ष्मी नारायण बैद्य | |
| | धितोको विवरण | |
| | १) मथुरा मान श्रेष्ठकी छोरी, लक्ष्मी नारायण बैद्यकी बुहारी, ईन्द्र नारायण बैद्यकी पत्नी, काठमाडौं जिल्ला, काठमाडौं नगर पञ्चायत वडा नं. १० स्थायी ठेगाना भई हाल का.म.न.पा. वडा नं. १०, नयाँ बानेश्वर बस्ने रोहिणी वैद्यको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १० स्थित कित्ता नं. १११ र १५ को क्षेत्रफल क्रमश ०-३-२-० र ०-१५-१-२ (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) इरो कन्स्ट्रक्सन प्रा.लिको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । | बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map |
| | जमानीकर्ताहरुको विवरण | |
| | १) सुजना श्रेष्ठ वैद्य २) रोहिणी बैद्य ३) इरोश बैद्य | |

